

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर दैनिक

The Worker Daily

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : २८ ★ ने. सं. ११४६ चिल्ला थ्व, तृतीया ★ शुक्रबार ★ ८ फागुन, २०८२ ★ February 20, 2026, Friday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


# भाषा र संस्कृति जोगाउन नयाँ पुस्तालाई पुस्तान्तरण गर्नु जरुरी




काठमाडौँ, ७ फागुन । नेपालभाषा साहित्य त:मुंज्या र बाल विकास क्लवको आयोजनामा टोखास्थित क्वने लाछी टोलमा १९ औं नेपालभाषा साहित्य त:मुंज्या बिहीबार सम्पन्न भयो ।

उक्त कार्यक्रमको उद्घाटन टोखा नगरपालिका वडा नं. २ का ज्येष्ठ नागरिक मङ्गलमाया श्रेष्ठले गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साहित्य समाजको ऐना भएको धारणा राख्दै साहित्यमा समाज झल्किने बताउनुभयो ।

भाषा र संस्कृति समाजको पहिचान भएकोले भाषा र संस्कृति जगेर्ना गर्नु अत्यावश्यक भएको उल्लेख गर्दै उहाँले भाषा र संस्कृति जोगाउन नयाँ पुस्ताबिच पुस्तान्तरण गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "नयाँ पुस्ता अर्थात् युवाहरू राजनीतिकरूपमा सचेत हुनु जरूरी छ । युवा उमेरले होइन उसले बोक्ने क्रान्तिकारी विचारले हुन्छ ।"

प्रजातन्त्र पुन:स्थापनापछि सरकारमा गएका पार्टीहरूको अकर्मण्यताका कारण देशको उद्योग तथा कलकारखान निजीकरण भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "शासक पार्टीहरूको गलत नीतिकै कारण भ्रष्टाचार चरम चुलीमा पुग्यो, राज्यका हरेक क्षेत्रमा शासक पार्टीहरूको भागबन्डा भयो, कृषिप्रधान देशले खाद्यान्नलगायत तरकारीसमेत आयात गरेर खानुपर्ने स्थिति बन्यो, देशको सार्वजनिक ऋण २८ खर्ब र वार्षिक व्यापार घाटा १५ खर्ब पुग्यो । महिनामा ७० हजारभन्दा बढी नेपालीले देश छोड्नुपर्ने स्थिति आयो । यो स्थिति आउनुमा आजसम्म सरकारमा गएका पार्टीहरू नै दोषी छन् ।"

शासक पार्टीहरूप्रतिको वितृष्णाकै परिणाम भदौ २३-२४ को घटना घटेको र उक्त घटना घट्नुमा शासक पार्टीहरू नै दोषी भएकाले फागुन २१ को निर्वाचनमा ती पार्टीहरूलाई पराजित गर्नु जरूरी भएको उहाँले बताउनुभयो ।

"प्रतिनिधिसभा भनेको देशको लागि आवश्यक नीति निर्माण गर्ने र राष्ट्रहरूबिच हुने सन्धि सम्झौता पारित गर्ने थलो भएकोले उक्त निर्वाचनमा देशभक्त, इमानदार, अनुशासित र नि:स्वार्थी उम्मेदवारहरूलाई जिताउनु जरूरी छ", उहाँले भन्नुभयो ।


*बाँकी पृष्ठ ८ मा*


# भारतीय हस्तक्षेप आज पनि कायमै

काठमाडौँ, ७ फागुन । १०४ वर्षको जहाँनिया राणाशासन अन्त्य गर्दै २००७ सालमा प्रजातन्त्र स्थापना भएको थियो । दोस्रो विश्व युद्धपछि संसारभर उठेको स्वतन्त्रता र प्रजातन्त्रको लहरसँगै नेपालमा पनि प्रजातान्त्रिक आन्दोलनले गति लिएको थियो । तत्कालीन विश्वमा दुई थरी प्रजातन्त्रको लहर उठेको थियो, पहिलो- उदार पुँजीवादी प्रजातन्त्र र दोस्रो- जनताको प्रजातन्त्र । कम्युनिस्ट र समाजवादी आन्दोलन बलियो भइनसकेको तत्कालीन अवस्थामा नेपालको प्रजातान्त्रिक आन्दोलनले भने उदार पुँजीवादी दिशा समात्यो ।

राणाशासनको जग बेलायती उपनिवेशवादको चाकडी थियो । सन् १९४७ मा भारतमा बेलायती राज अन्त्य भएसँगै राणाशासनको जग पनि भत्कियो । भारतका नयाँ शासकको चाकडी गरेर पनि आफ्नो शासन जोगाउने प्रयत्न राणा शासकले गरेका थिए । तथापि निरङ्कुश राणाशासनलाई बोकिरहँदा पूर्वी एसियामा फैलिँदो साम्यवादी प्रभाव नेपालमा पनि पर्ने पिरले भारतका उदार पुँजीवादी शासकहरूले राणाप्रतिको माया मार्ने निर्क्योल गरे । भारत र नेपालमा बलियो बनी नसकेको कम्युनिस्ट आन्दोलनले उनीहरूको त्यो निर्क्योललाई टेवा पुऱ्यायो । नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको त्यत्तिबेला भर्खर एक वर्ष भएको थियो ।

राणाशासनले तत्कालीन नेपाललाई विश्वको गतिमा समाहित गर्न रोक लगाएको थियो । राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारबाट जनतालाई कैद बनाएर राणाहरूले देशमा मध्ययुगीन शासन चलाएका थिए । समयको प्रवाहमा ढिलोचाँडो त्यो शासनको अन्त्य हुनु नै थियो । २००७ सालको फागुन ७ नै त्यसको शुभमुर्हुत बन्यो । तथापि २००७ सालअघि विभिन्न तरिकाबाट भएका अधिकार र न्यायका आन्दोलन र सङ्घर्षको त्यो समष्टिगत अभिव्यक्ति पनि थियो । १९९७ सालमा चार सपुतलाई दिइएको ज्यान सजाय, लखन थापाको विद्रोहदेखि पश्चिम नेपालमा भीमदत्त पन्तको किसान विद्रोह, २००४ सालमा भएको जयन्तु संस्कृतम् आन्दोलन आदि धेरै सचेत र जागरुक आन्दोलनले सिर्जना गरेको दबाबको अन्तिम धक्का नै २००७ सालको प्रजातान्त्रिक आन्दोलन थियो ।

प्रजातान्त्रिक आन्दोलन आफ्नै खुट्टामा उभिएर गर्नेभन्दा पनि मित्र देशको आडमा गर्ने शासकहरूको मानसिकताको कारण २००७ सालको अन्तरिमकालले देशमा भारतीय हस्तक्षेप भित्र्याउने राजमार्ग नै कोरिदियो । १९५० को नेपाल-भारत असमान मैत्री सन्धि र नेपाली राजाको सचिव पदमा भारतीय प्रतिनिधिको नियुक्तिदेखि मन्त्रिमण्डल बैठकमा भारतीय राजदूतको उपस्थिति यसका केही दृष्टान्त हुन् । भारतीय हस्तक्षेपको त्यो शिलशिला आज पनि कायम नै छ । तथापि, २००७ सालको प्रजातान्त्रिक आन्दोलनलाई न्यूनाङ्कन भने कसैले गर्नसक्दैन । त्यही आन्दोलनको जगमा नेपालको राजनीतिक इतिहासको रथ अघि बढ्यो र आज हामी नागरिक बन्न सकेका छौँ । त्यही आन्दोलनको राजनीतिक जगमा उभिएर बनेको नेपाली जनताको चेतनाले अन्तत: राणा र राजाका निरङ्कुश सत्तालाई इतिहासको पानामा सीमित गरिदियो ।

नेपाली जनताको चेतना, आजको सामाजिक र राजनीतिक अवस्था २००७ सालको तुलनामा निकै अघि बढिसकेको छ । तथापि इतिहास भुल्ने र इतिहासले सिकाएको पाठलाई बेवास्ता गर्ने कोही पनि भविष्यमा दरिलो भएर हिँड्न सक्दैन । २००७ सालको आन्दोलनलाई नेपाली जनताको चेतनास्तरको आधारमा मूल्याङ्कन गर्नु आवश्यक छ । त्यो आन्दोलनबारे न त अतिरञ्जना गर्नु ठीक हो न न्यूनाङ्कन गर्नु नै ।

# पुँजीवादी निर्वाचनबाट आमूल परिवर्तन नहुने

दैलेख, ७ फागुन । नेपाल मजदुर किसान पार्टी दैलेख क्षेत्र नं. १ निर्वाचन प्रचार प्रसार समितिले बिहीबार नारायण नगरपालिकाको भैंसीखोर बजार, नौमुले गाउँपालिकाको बालुवाटार बजार र नौमुले बजारमा घरदैलो र चुनावी सभा गऱ्यो ।

उक्त सभामा पार्टीका उदयजङ शाहीले पुँजीवादी निर्वाचनबाट आमूल परिवर्तन नहुने र पुँजीवादी निर्वाचन निष्पक्ष नहुनेतर्फ जनता सचेत हुनुपर्ने बताउनुभयो ।

नेमकिपाका प्रत्यक्षतर्फका उम्मेदवार जगत वलीले कामदार जनताको पक्षमा कानुन बनाउन र देशघाती सन्धि सम्झौता खारेज गर्न नेमकिपाका उम्मेदवारलाई निर्वाचित गर्नु जरूरी भएको बताउनुभयो ।

कार्यक्रममा रत्नबहादुर श्रेष्ठ र बुद्ध रेग्मीले नेमकिपाको घोषणापत्र अध्ययन गरी पार्टीका उम्मेदवारलाई मतदान गर्न अनुरोध गर्नुभयो ।

त्यसैगरी नेपाल मजदुर किसान पार्टी दैलेख क्षेत्र नं. १ को चुनाव प्रचार समितिले फागुन ५ गते महाबु गा.पा. वडा नं. ५ काँशीकाँधको चुनटाकुरा, कोटडाँडा हुँदै वडा नं.४ को काप्रीखोला गाउँमा घरदैलोपछि साँझ गरी प्रशिक्षण कार्यक्रम भयो ।

प्रशिक्षण कार्यक्रममा उदयजङ शाहीले गणतन्त्रको ३५ वर्षको अवधिभित्र सत्तामा पुगेका सबै पार्टीहरू पुँजीवादी पार्टीहरू हुन् भन्नुभयो ।

दैलेख क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार एवं जिल्ला पार्टी अध्यक्ष जगत वलीले नेपाल मजदुर किसान पार्टीले शिक्षा स्वास्थ्य नि:शुल्क हुनुपर्ने, स्वदेशमा रोजगारीको बन्दोबस्त, उत्पादनका मुख्य मुख्य साधनहरू राष्ट्रियकरण गरी राज्यको स्वामित्वमा रहने गरी सञ्चालनमा ल्याउनुपर्ने बताउनुभयो ।

यसैगरी फागुन ६ गते महाबु गा. पा. को वडा नं. ३ को सुपाकोटदेखि वडा नं. २ अइराडी, डुङ्ग्री हुँदै वडा नं. १ खगिगैरामा घरदैलो कार्यक्रम भयो । महाबुको सदरमुकाम वडा नं. ४ गैडाबाज बजारमा कोणसभा भयो ।

उक्त कोणसभामा उदयजङ शाहीले नेमकिपाले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा लिएको छ भन्नुभयो ।

दैलेख क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार जगत वलीमा नेमकिपाको घोषणापत्रको आधारमा काम गरी खाने कामदार जनताको पक्षमा नीति निर्माणमा सङ्घर्ष गनेछौँ भन्नुभयो । दैलेख पार्टी जि.स.का. बमबहादुर सिंह र हस्तबहादुर घले गुरुङले पनि बोल्नुभएको थियो ।

*व्यङ्ग्यचित्रको कुनो...*





**पाठेघरको मुखको क्यान्सरका लक्षण**

- ❖अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राप हुनु।
- ❖योनिबाट बढि मात्रामा सेतो पानी बग्नु।
- ❖शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।
- ❖शारीरिक सम्बन्धपछि रगत बग्नु।
- ❖तल्लो पेट, ढाड वा कम्मर दुख्नु।
- ❖पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
- ❖शरीर कमजोर हुनु।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



भक्तपुर जिल्लाको क्षेत्र नं. २ मा पर्ने दधिकोटमा निर्वाचन प्रचार गर्दै नेमकिपाका कार्यकर्ताहरू शुक्रबार । *तस्बिर : मजदुर दैनिक*

# 'वाग्मती प्रादेशिक ललितकला प्रदर्शनी' को तयारी पूरा

काठमाडौँ, ७ फागुन । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले 'वाग्मती प्रादेशिक ललितकला प्रदर्शनी' को तयारी पूरा भएको जनाएको छ ।

देशका विभिन्न ६ वटा प्रदेशमा सम्पन्न भएको प्रादेशिक ललितकला प्रदर्शनीअन्तर्गत यो अन्तिम प्रादेशिक ललितकला प्रदर्शनी हो । यही फागुन ८ गतेदेखि प्रतिष्ठानको कार्यालय नक्सालमा सुरु हुने प्रदर्शनीमा यसपटक २०० बढी कलाकारका २३० भन्दा बढी कलाकृति समावेश गरिने कार्यक्रम संयोजक एवं प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले जानकारी दिनुभयो ।

यो प्रदर्शनीलाई ललितकलाकै महोत्सव मानिन्छ । यसअघि माघ १५ गते गण्डकी प्रदेशबाट प्रादेशिक कला प्रदर्शनीको थालनी भएको थियो । झन्डै एक महिनासम्म सञ्चालन हुने प्रादेशिक कला प्रदर्शनीअन्तर्गत भोलिदेखि सुरु हुने वाग्मती प्रादेशिक ललितकला प्रदर्शनी भने यही फागुन १२ गतेसम्म सञ्चालन हुने संयोजक लामाले जानकारी दिनुभयो ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौँले स्थानीय निकाय तथा संस्थासँगको सहकार्यमा विगत तीन वर्षदेखि सङ्घीय संरचना अनुसार नै कला प्रदर्शनी सुरुवात गरेको थियो । प्रदेशगतरूपमा हुने प्रदर्शनीले रैथाने तथा लोककला प्रवर्द्धनमा सहयोग पुगेको र राउटे, डोम, थारु समुदायका कला पनि बाहिर आएको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले बताउनुभयो ।

प्रतिष्ठानले सङ्घीय संरचना अनुसार सातै प्रदेशमा कला प्रदर्शनीको थालनी गरेको यो तेस्रो पटक हो । प्रतिष्ठानका सदस्यसचिव देवेन्द्र काफ्ले थुम्केलीले कलामा रूपान्तरण अभियानअन्तर्गत प्रदेशहरूमा कला प्रदर्शनी आयोजना गरिएको र त्यहाँबाट छानिएका कला आगामी जेठ १५ गतेदेखि सुरु हुने राष्ट्रिय कला प्रदर्शनीमा समावेश गराइने बताउनुभयो ।

'सामाजिक रूपान्तरण : ललितकलाको अभियान' भन्ने मूल भावमा रही आयोजना हुने प्रदर्शनीमा कलाको सजावटका सबै काम पूरा भएको र अब उद्घाटन सत्रका काम मात्रै बाँकी रहेको प्रतिष्ठानले जनाएको छ ।

प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले वाग्मती प्रदेशका सबै विधाका कलाकृति अवलोकन गर्न पाइने बताउनुभयो । वैदेशिक ललितकला प्रदर्शनी अन्तिम चरणमा पुगेकाले आगामी जेठ १५ गतेदेखि ३० गतेसम्म काठमाडौँमा हुने राष्ट्रिय ललितकला प्रदर्शनी २०८३ को तयारी सुरु भएको र सोही कार्यक्रममा कलाकारलाई पुरस्कार तथा सम्मानसमेत प्रदान गरिने जनाइएको छ । **रासस**

# सहिद राजकुमार स्मृति पुस्तकालयको ३५ औँ वार्षिकोत्सव कार्यक्रममा बासुकला र त्वायनालाई सम्मान गरिने

भक्तपुर, ७ फागुन । सहिद राजकुमार स्मृति पुस्तकालयको ३५ औँ वार्षिकोत्सव, सहिद स्मृति सभा, सम्मान तथा सांस्कृतिक कार्यक्रम फागुन ८ गते हुने भएको छ ।

उक्त कार्यक्रममा वडाका शिक्षासेवी एवं शैक्षिक क्षेत्रमा विशिष्ट योगदान गर्नुहुने बासु मा.वि.का संस्थापक प्राचार्य बालमुकुन्द बासुकला र ग्लोबल लिडर फर आइ बैङ्किङ फर साइट लाइफ डिस्टिङ्गाइज अवार्ड फर एसियन प्यासिफिक एकेडेमी तथा मृगेन्द्र मेडिकल गोल्ड मेडल फर ब्याच टप गर्न सफल आँखाको लेन्स विशेषज्ञ शंखनारायण त्वायनालाई सम्मान गरिने भएको छ । उहाँहरू दुवैजनालाई कार्यक्रमका प्रमुख अतिथि वाग्मति प्रदेश सांसद सुरेन्द्रराज गोसाईले सम्मान गर्नुहुनेछ ।

२०४६ सालको प्रजातन्त्र पुन: स्थापनाका लागि भएको ऐतिहासिक जनआन्दोलनमा सहिद भएका युवा - विद्यार्थी राजकुमार सुवालको स्मृतिमा २०४७ सालमा पुस्तकालय स्थापना भएको थियो । हरेक वर्ष स्थापना दिवस तथा वार्षिकोत्सवको दिन समाजमा विशिष्ट व्यक्तिहरूलाई सम्मान गर्ने क्रममा यस वर्ष वासुकला र त्वायनालाई मूल्याङ्कन समितिको सिफारिसमा सम्मान गर्ने कुरा पुस्तकालयका अध्यक्ष एवं कार्यक्रम तयारी समितिका संयोजक कृष्णप्रसाद सुवालले जानकारी दिनुभएको छ । कार्यक्रम फागुन ८ गते दिउँसो ३:३० बजे पुस्तकालयको प्राङ्गणमै हुनेछ । विभिन्न प्रगतिशील सांस्कृतिक प्रस्तुतिहरू पनि हुने सो कार्यक्रममा समयमै उपस्थित भइदिनुहुन सम्पूर्ण महानुभावहरूमा आयोजक पुस्तकालयले अनुरोध गरेको छ ।

# मतदाता शिक्षा कार्यक्रममा स्थानीय तहले यसरी गर्दैछन् समन्वय

**- प्रकाश सिलवाल**

काठमाडौँ, ७ फागुन । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि मतदाता शिक्षालगायत कार्यक्रममा स्थानीय तहले सहजीकरण र समन्वय बढाएका छन् ।

निर्वाचन आयोगले फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वडामा एक-एकजना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरेको छ । त्यसरी खटिएका स्वंसेवकले आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमुना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराएका छन् । ती स्वयंसेवकको कामको अनुगमनका लागि विगतमा तोकिएको सम्पर्क व्यक्तिले स्थानीय तहमा अनुगमनको जिम्मेवारी पाएका छन् ।

आयोगले 'निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८' बमोजिम निर्वाचनका लागि 'मतदाता शिक्षा विशेष कार्यक्रम' स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो । राजनीतिक दल र उम्मदेवारको सघन प्रचारप्रसार आरम्भ तथा मतदाता शिक्षाको कार्यान्वयनसँगै स्थानीय तह पनि एक प्रकारले निर्वाचनमय भएको छ ।

मोरङको पथरी शनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्बापोले निर्वाचन आयोगको निर्देशानुसार आफूहरूले मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको बताउँदै निर्वाचन आचारसंहिताको पालनामा पनि सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रमुख तुम्बापोले राससस‌ँग भन्नुभयो, "निर्वाचनका लागि आयोग र सुरक्षा निकायबाट भवन र कम्प्युटर माग भएको थियो । जेनजी आन्दोलनमा जलाइएका कारण सोचे जति सहयोग गर्न सकेनौँ । विशेष परिस्थितिमा अहिले चुनाव आएको छ । मुलुकका स्थायित्व र विद्यमान राजनीतिक प्रणालीको रक्षाका लागि हामी सबै लाग्नुपर्छ । हाम्रा भवन र संरचना जलाइएका भए पनि हामी पुन:व्यवस्थित हुँदै छौँ र निर्वाचनका लागि आफ्नो ठाउँबाट समन्वय गरिरहेका छौँ ।"

निर्वाचन आयोगबाट तोकिएका मतदाता शिक्षा अनुगमनकर्ता र स्वयंसेवकका लागि गत माघमै जिल्लास्तरीय तथा स्थानीय तहस्तरीय तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । आयोगले आमसञ्चारमाध्यमबाट विभिन्न किसिमका मतदाता शिक्षा सामग्री उत्पादन गरी प्रकाशन एवं प्रसारण गर्न पनि प्रारम्भ गरेको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रभावकारी मतदाता शिक्षाले मतदाताको बदर मतको अनुपात न्यूनीकरणमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस कार्यमा सहयोग, समन्वय र सहजीकरणका लागि सबै स्थानीय तह, निर्वाचनमा सहभागी दल, उम्मेदवार तथा सञ्चारमाध्यम र सरोकारवालाई आग्रह गर्नुभयो ।

# 'प्रजातन्त्र दिवसले दिगो शान्ति र सुशासनको बाटोमा हिँड्न प्रेरणा प्रदान गरोस्'

कैलाली, ७ फागुन । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले राष्ट्रिय प्रजातन्त्र दिवसले दिगो शान्ति, सुशासन र समृद्धिको बाटोमासँगै हिँड्न सबै नेपालीलाई प्रेरणा प्रदान गरोस् भनी शुभकामना दिनुभएको छ । राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा बिहीबार शुभकामना सन्देश जारी गर्दै उहाँले लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र रहेको धारणा राख्नुभयो ।

मुख्यमन्त्री शाहले संविधानको रक्षा, लोकतन्त्रको सुदृढिकरण, राजनीतिक स्थायित्वको लागि निर्वाचनबाहेक अर्को विकल्प हुनै नसक्ने बताउनुभयो । उहाँले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्टिय हित, स्वाभिमान र लोकतन्त्रका लागि भएका विभिन्न आन्दोलनमा योगदान गर्नुहुँने सबैप्रति सम्मान प्रकट गर्नुभयो ।

विसं २००७ को क्रान्तिबाट १०४ वर्ष लामो निरङ्कुश शासन अन्त्य भई प्रजातन्त्र स्थापना भएको सम्झनामा हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवस मनाईदै आइएको छ ।

# नेपाल-भारत सीमा सुरक्षा बैठक सम्पन्न

मोरङ, ७ फागुन । बिहीबार विराटनगरमा नेपाल-भारत सीमा जिल्ला समन्वय समितिको बैठक बसेको छ । सो बैठकले आसन्न प्रतिनिधिसभा निर्वाचनका समयमा सुरक्षा व्यवस्था प्रभावकारी बनाउने निर्णय गरेको छ ।

मोरङ, झापा र सुनसरी तथा भारतका किसनगञ्ज, अररिया र सुपौल जिल्लाका उच्च अधिकारीहरूबिच सम्पन्न सो बैठकले आगामी निर्वाचनका सुरक्षाका विषयमा छलफल गरेको जिल्ला प्रशासन कार्यालय मोरङद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । बैठकमा मतदान हुनुभन्दा ७२ घण्टा अगाडि सीमा नाका पूर्ण रूपमा बन्द गर्ने सहमति भएको छ ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल र भारतको अररिया जिल्लाका डिस्टिक मजिस्ट्रेट विनोद दुहानको सह-अध्यक्षतामा सम्पन्न उक्त बैठकले निर्वाचनका समयमा सम्भावित सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्न संयुक्त सीमा गस्तीलाई सशक्त बनाउना साथै सुरक्षा व्यवस्थालाई चुस्तदुरुस्त पार्ने निर्णय बैठकले गरेको छ । त्यसैगरी सीमा क्षेत्रमा हुने अवैध गतिविधिहरू, तेस्रो देशका नागरिकहरूको अनधिकृत प्रवेश, लागुऔषध तथा मानव बेचबिखन, जाली नोटको कारोबार, हतियार र नगद तस्करी नियन्त्रणका लागि निरन्तर सहकार्य गर्ने विज्ञप्तिमा उल्लेख छ । **(रासस)**

# कुनै पनि किसिमका मत सर्वेक्षण नगर्न सञ्चारमाध्यमसँग अनुरोध

काठमाडौँ, ७ फागुन । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कुनै पनि किसिमका मत सर्वेक्षण नगर्न सञ्चारमाध्यमसँग अनुरोध गर्नुभएको छ । दसौँ निर्वाचन दिवसको अवसरमा आज निर्वाचन आयोगले आयोजना गरेको कार्यक्रममा उहाँले मत सर्वेक्षणलाई निर्वाचन आचारसंहिताले निषेध गर्ने भएकोले यस्ता घटना भए कारबाही गरिने बताउनुभयो ।

निर्वाचनका समयमा सत्य समाचारलाई भ्रूट र भ्रूट समाचारलाई सत्य बनाएर प्रस्तुत गर्नसक्ने भएकाले पनि सचेत हुन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले आग्रह गर्नुभयो ।

"राजनीतिक दलका समर्थकले पनि निर्वाचन आचारसंहिता पालना गरेर निर्वाचन गराउनतिर लाग्नुस्, सामाजिक सञ्जाल प्रयोग गरेर कसैलाई मानमर्दन नगरौँ, सत्य र तथ्यमा आधारित भई काम गरौँ, निर्वाचनमा सामाजिक सञ्जाल पेचिलो विषय भएकाले यसको प्रयोग गर्दा ध्यान दिऔँ," उहाँले भन्नुभयो ।

कसैको दबाव र प्रभावमा नपरी सही प्रतिनिधि छान्न उहाँले मतदातालाई पनि आह्वान गर्नुभयो ।

निर्वाचन आचारसंहिता बाहिर गएर प्रचारप्रसार गरे जिल्लाजिल्लामा निर्वाचन अधिकृतको कार्यालयले कारबाही गर्ने भएकाले सचेत हुन पनि उहाँले ध्यानाकर्षण गराउनुभयो ।

आयोगका सचिव कृष्णबहादुर राउतले फागुन २१ गतेको निर्वाचनका लागि जिल्लाजिल्लामा मतदान अधिकृत तोक्ने र तालिम दिने काम भइरहेको जानकारी गराउनुभयो । निर्वाचन शिक्षासम्बन्धी धेरै विषय आयोगले वेबसाइट र आयोगको आधिकारिक सामाजिक सञ्जालका पृष्ठबाट राखिरहेको पनि उहाँले उल्लेख गर्नुभयो ।

अहिले देशभरका छ हजार ७४३ वटै वडामा मतदातालाई शिक्षा दिने काम भइरहेको सचिव राउतले जानकारी दिनुभयो । निर्वाचनलाई पारदर्शी बनाउन यसपटक आयोगले खर्च व्यवस्थापन कार्यविधि पारित गरी राजनीतिक दल र उम्मेदवारले पनि निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्नुपर्ने व्यवस्था गरेको जानकारी उहाँले उल्लेख गर्नुभयो ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले २०१५ साल फागुन ७ गते नेपालमा पहिलोपटक निर्वाचन भएको सम्झनामा आयोगले २०७३ साल फागुन ७ गतेदेखि निर्वाचन दिवस मनाउन थालेको जानकारी दिनुभयो । पहिलोपटक नागरिकले मत हालेर सार्वभौम भएको दिनको स्मरणमा आयोगले प्रत्येक वर्ष फागुन ७ गते यो दिवस मनाउन थालेको उहाँले उल्लेख गर्नुभयो । **रासस**

## मेची भन्सारद्वारा नौ अर्ब बयानब्बे करोड राजस्व असुली

भद्रपुर (झापा), ७ फागुन । मेची भन्सार कार्यालयले चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु. नौ अर्ब ९२ करोड २६ लाख २७ हजार राजस्व सङ्कलन गरेको छ ।

उक्त कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार उक्त अवधिमा रु. १० अर्ब ५५ करोड २० लाख ३४ हजार सङ्कलनको लक्ष्य निर्धारण भएको थियो । यद्यपि, माघमा मात्रै रु. एक अर्ब ५१ करोड ३४ लाख ३१ हजार सङ्कलन भएको छ । यो उक्त माघका लागि निर्धारित लक्ष्यको १०२ दशमलव ३४ प्रतिशत हो ।

चालु आवमा रु. १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजस्व उठाउने लक्ष्य छ । **रासस**

सङ्क्षिप्त समाचार

## उदयपुरमा पनि मादलको प्रचार

उदयपुर, ७ फागुन । नेपाल मजदुर किसान पार्टी उदयपुर जिल्ला क्षेत्र नं २ अन्तर्गत कटारी नगरपालिकामा नेमकिपाका उम्मेदवारहरूले आफूहरूलाई अत्यधिक बहुमतले विजयी गराउन घरदैलो कार्यक्रम सुरु गरका छन् ।

नेपाल मजदुर किसान पार्टी उदयपुर जिल्ला निर्वाचन परिचालन समिति उदयपुरले आयोजना गरेको घरदैलोका क्रममा नेमकिपा उदयपुर जिल्ला संयोजक विष्णु खनाल खत्रीले नेमकिपाको निर्वाचन घोषणापत्र अध्ययन गरी पार्टीका उम्मेदवारलाई जिताउन अनुरोध गर्नुभयो ।

## देशमा पश्चिमी वायुको आंशिक प्रभाव, केही स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना

काठमाडौँ, ७ फागुन । हाल देशमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको तथा तराईका केही स्थानमा तुवाँलो लागेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी र हिमाली भागमा आंशिक बादल लागेको छ भने बाँकी भागमा मौसम सफा रहेको छ ।

आज दिउँसो तराईका केही स्थानमा हुस्सु रहनेछ भने हिमाली भागमा साधारणतया बादल लाग्नेछ, पहाडी भागमा आंशिक बादल रहनेछ र बाँकी भागमा मौसम सफा रहनेछ ।

त्यसैगरी, आज राति तराईका केही स्थानमा तुवाँलो रहनेछ । कोसी, वाग्मती र गण्डकी प्रदेशलगायत बाँकी हिमाली भागमा बादल लाग्नेछ । मधेस प्रदेश तथा बाँकी पहाडी भागमा आंशिक बादल रहनेछ र बाँकी भागमा मौसम सफा रहनेछ ।

कोसी, वाग्मती र गण्डकी प्रदेशका उच्च पहाडी र हिमाली भागका एकदुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना छ ।

## राससको ६५ औँ वार्षिकोत्सव सम्पन्न

काठमाडौँ, ७ फागुन । मुलुकको एकमात्र आधिकारिक समाचार संस्था राष्ट्रिय समाचार समिति (रासस) ले बिहीबार स्थापनाको ६५ औँ वार्षिकोत्सव मनाउँदैछ ।

विसं २०१८ फागुन ७ गते निजी क्षेत्रका दुई समाचार समिति नेपाल संवाद समिति र सगरमाथा संवाद समिति एकापसमा गाभिएर रासस स्थापना भएको हो ।

राससले नेपाली, अङ्ग्रेजी, अन्तर्राष्ट्रिय, फोटो, श्रव्यदृश्य, मातृभाषा समाचार सेवालाई अविच्छिन्न रूपमा उत्पादन र सम्प्रेषण गर्दै आएको छ । हाल चौबिसै घण्टा नेपाली समाचार सेवा सञ्चालित छ ।

वार्षिकोत्सवका अवसरमा बिहीबार उपराष्ट्रपति रामसहायप्रसाद यादवको प्रमुख आतिथ्यमा भद्रकालीस्थित रासस केन्द्रीय कार्यालयमा विशेष समारोहको आयोजना भयो ।

## ‘अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२’ जारी

काठमाडौँ, ७ फागुन । निर्वाचन आयोगले प्रतिनिधिसभा सभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनको लागि आवश्यक पर्ने अस्थायी मतदाता नामावाली सङ्कलन तथा स्थायी मतदान प्रक्रियालाई व्यवस्थित तुल्याउन ‘अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२’ जारी गरेको छ ।

आयोगले मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि बनाएर जारी गरेको हो । कार्यविधिअनुसार आयोगले स्थायी मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रमसहितको सूचना प्रकाशन गर्नेछ ।

सो सूचना आयोगले आवश्यकताअनुसार राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्न सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ ।

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, सेना, प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारको नाम स्थायी मतदाता नामावलीमा समावेश हुनेछ ।

निर्वाचन आयोगले जारी गरेको उक्त कार्यविधिअनुसार कुनै व्यक्तिको नाम छुटेको वा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गराउन वा त्रुटि सच्याउन प्रमाणसहित प्रमुख नाम दर्ता अधिकारीसमक्ष निवेदन दिनुपर्ने आयोगले जनाएको छ । ***रासस***



दार्चुलाको नौगाड गाउँपालिकाको मसानेबगर, पारीबगर र बाबेबगरमा फागुन २१ हुने प्रतिनिधिसभा निर्वाचनको प्रचार प्रसार गर्दै नेपाल मजदुर किसान पार्टीका उम्मेदवार रमेश रावललगायत कार्यकर्ताहरू घरदैलो कार्यक्रम ।

*तस्बिर : मजदुर दैनिक*

## संखुवासभा, खोटाङ र भोजपुर र धनकुटामा चुनाव प्रचार

संखुवासभा, ७ फागुन । नेमकिपाको कोसी प्रदेशको आयोजनामा संखुवासभाको खाडवारी बसपार्क, पान्मा, चैनपुर र तुम्लीङटारमा चुनाव प्रचार कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रमअन्तर्गत खाडवारीको बसपार्कमा कोणसभा भयो । कार्यक्रममा प्रतिनिधिसभा सदस्य उम्मेदवार राजकुमार लघुले जनताको निःस्वार्थ सेवा गर्न, शिक्षा स्वास्थ्य निःशुल्क र स्वदेशमै युवाहरूलाई रोजगारी सिर्जना गर्न नेमकिपाले उम्मेदवारी दिएको बताउनुभयो । उहाँले देशघाती र एमसीसीका मतियारहरूलाई जनताले पराजित गरी नेमकिपालाई विजयी गराएमात्र देशको सार्वभौमिकता जोगिने बताउनुभयो ।

त्यस्तै चैनपुर बजारमा पनि नेमकिपा संखुवासभाको आयोजनामा चुनाव प्रचार सम्पन्न भयो । कोसी प्रदेशको खोटाङ र भोजपुरमा चुनाव प्रचार जारी छ । खोटाङको हलेसी दिक्तेलमा चुनाव प्रचार कार्य सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपा खोटाङका अध्यक्ष भोजराज बस्नेतले कामदारवर्गलाई शिक्षा स्वास्थ्य, निःशुल्क र भ्रष्टाचारीलाई कारबाही गराउन नेमकिपाका उम्मेदवार आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपा खोटाङका ध्यानप्रसाद ढकालले नेमकिपाका कार्यकर्ताहरू राजकुमार लघु, राजाराम बासी र सिद्धि सुवालले समाजवादको प्रचार प्रसार गर्नु आजको आवश्यकता हो भन्नुभयो ।

धरान बजारमा पनि घरदैलो सम्पन्न भयो ।

कार्यक्रममा उम्मेदवार उत्तम साखकर्मीले असमान सन्धि सम्झौता गर्ने दललाई पराजित गर्नुपर्छ भन्नुभयो ।

## खोटाङमै सुरु भयो पाठेघर खस्ने समस्यासम्बन्धी शल्यक्रिया सेवा

खोटाङ, ७ फागुन । यहाँस्थित जिल्ला अस्पतालमै पाठेघर खस्ने समस्यासम्बन्धी निःशुल्क शल्यक्रियासहितको उपचार सेवा सुरु गरिएको छ । अबदेखि सो समस्याका लागि राजधानी पुग्नुपर्ने बाध्यताको अन्त्य भएको छ ।

सेवा सुरु भएलगत्तै दुई महिलाको सफल उपचार गरिएको अस्पताल प्रमुख एवं डा. अमिताब ठाकुरले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “म यहाँ आएपछि धेरै महिलाको दुःख देखेँ । पाठेघरसम्बन्धी समस्या भएका महिलाका लागि उपचार गर्न काठमाडौँ वा विराटनगर जानुपर्ने बाध्यता रहेछ । अब त्यो बाध्यताको अन्त्य भएको छ । हाम्रो विशेषज्ञता प्रयोग गरेर खोटाङमै निःशुल्क शल्यक्रियासहितको सेवा उपलब्ध गराएका छौँ ।”

अस्पतालमा पाठेघरको मुखको क्यान्सर परीक्षण तथा उपचार, बाँझोपनको उपचार र पहिलोपटक शल्यक्रियामार्फत सन्तान जन्माएकी महिलाको दोस्रोपटक पनि शल्यक्रिया गर्ने सेवासमेत सुरु गरिएको जनाइएको छ । अस्पतालमा पाठेघरसम्बन्धी समस्याको निःशुल्क उपचार सेवा उपलब्ध भएपछि लामो समयदेखि पीडित महिलाहरू उपचारमा आउन थालेको स्वास्थ्यकर्मीले बताएका छन् ।

जिल्ला अस्पतालको आफ्नै स्रोत साधन उपयोग गरेर गुणस्तरीय उपचार सेवा उपलब्ध गराउन थालिएको अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष एवम् जिल्ला समन्वय समिति खोटाङका प्रमुख सनबहादुर राईले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “जिल्लामा स्त्री रोग विशेषज्ञ नहुँदा धेरै महिला रोग लुकाएर तथा बाहिर गएर उपचार गराउनुपर्ने बाध्यतामा थिए । यो समस्या दीर्घकालीन रूपमा समाधान गर्न मन्त्रालयबाट विशेषज्ञ चिकित्सक झिकाएका छौँ । यो जिल्लाका लागि खुशीको कुरा हो । अब कुनै पनि महिलाले उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने छैन ।”

## भक्तपुर उवासङ्घको योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न

भक्तपुर, ७ फागुन । भक्तपुर उद्योग वाणिज्य सङ्घले बुधबार योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरेको छ ।

धुलिखेलस्थित हिमालय दृश्य होटलको हलमा योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको हो । गोष्ठीको उद्घाटन गर्दै नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष सुरकृष्ण वैद्यले विभिन्न आन्दोलन र प्रदर्शनका क्रममा निजी क्षेत्रले धेरै प्रहार खेप्नुपरेको बताउनुभयो । देशमा उत्पन्न विभिन्न घटनाक्रमका कारण मार खेपिरहेका उद्योग व्यवसायीहरूको मनोबल उकास्नको लागि जिल्ला उद्योग वाणिज्य सङ्घहरूले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिँदै उहाँले उद्योगी व्यवसायीहरूको हितका लागि कार्यक्रम बनाउन योजना तर्जुमा कार्यशाला गोष्ठी सहायक सिद्ध हुने विश्वास व्यक्त गर्नुभयो ।

सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले गोष्ठीमा सहभागीहरूलाई स्वागत गर्दै संस्थागत विकास र सदस्यहरूको हितलगायत सङ्घको लक्ष्य परिपूर्तिका लागि आगामी दुई वर्षभित्र सञ्चालन हुने गतिविधिहरू पहिचान गर्न योजना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरिएको बताउनुभयो । उहाँले गोष्ठीबाट प्रतिफलमुखी र परिणाममुखी योजना तथा कार्यक्रम निर्माण हुने विश्वास व्यक्त गर्नुभयो ।

सङ्घका सचिव एवं कार्यक्रम संयोजक गौतम सुजखूले सङ्घलाई अझ सुदृढ तथा विकसित बनाउँदै सदस्य तथा जिल्लाभित्रका उद्योगी-व्यवसायीहरूलाई सेवा विस्तार गर्न प्रत्येक नयाँ कार्यसमितिबाट आफ्नो कार्यकालको लागि रणनीतिक कार्ययोजना तर्जुमा गर्दै सङ्घलाई अगाडि बढाउने अभ्यास हुँदै आएको जानकारी दिनुभयो ।

गोष्ठीमा सहभागीहरूबिच व्यापक छलफल गरी मुख्य रूपमा पाँचवटा विषयमा लक्ष्य प्राप्त गर्न विभिन्न कार्यक्रमहरू तय गरिएको छ । कार्यसमितिको भूमिका, सदस्यहरूको हित, आर्थिक व्यवस्थापन, सम्बन्ध विस्तारलगायतका विषयमा केन्द्रित रहेर छलफल भएको सङ्घले जनाएको छ ।

गोष्ठीमा अजय प्रधानाङ्गले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

गोष्ठी समापन कार्यक्रममा सङ्घका अध्यक्ष न्यौपानेले सहजकर्ता प्रधानाङ्गलाई माया चिनोस्वरूप मयुर झ्याल प्रदान गर्नुभयो । वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद प्रजापतिले गोष्ठीमा सहभागी, गोष्ठी सञ्चालनको लागि सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुभयो ।

। सम्पादकीय ।

# सहिदहरूप्रति सच्चा सम्मान गरौँ !

आन्दोलन या सङ्घर्षबिना देशमा परिवर्तन सम्भव छैन । २००७ साल, २०४६ साल र २०६२/०६३ सालको जनआन्दोलन यसको दृष्टान्त हो । जनआन्दोलनले जनताका अधिकार पाएकै हो । बहुदलीय प्रजातन्त्र स्थापनाको लागि २०४६ फागुन ७ गते (१९९० फेब्रुअरी १८) देखि संयुक्त जनआन्दोलन सुरू भएको थियो । वाम मोर्चा र नेकाको आह्वानमा भएको उक्त संयुक्त आन्दोलन २०४६ चैत २७ (१९९० अप्रिल ९) सम्म भएको थियो । संयुक्त जनआन्दोलनमा भक्तपुरका ६ जना सपुतहरूले वीरगति प्राप्त गरेका थिए । यसरी वीरगति प्राप्त गर्ने सहिदहरूमा राजकुमार सुवाल, हरिकृष्ण भुजु, निर्मलकुमार शाक्य, कृष्णराम दुवाल, पुष्परत्न शाक्य, महेश श्रेष्ठ थिए । जनआन्दोलनकै क्रममा देशभरमा दुई दर्जनभन्दा बढीले सहादत प्राप्त गरे, सयौँ घाइते भए, थुप्रैले जेल यातना भोगेका थिए । नेपाल बन्द सफल पार्न शान्तिपूर्वक अघि बढिरहेको जुलुसमा पञ्चायती सरकारले भक्तपुरमा प्रतिबन्धित गोली प्रहार गरेको थियो ।

आन्दोलन सफल पार्न संयुक्त जनआन्दोलन परिचालन समितिले फागुन ८ गते नेपाल बन्दको आह्वान गरेको थियो । उक्त दिन भक्तपुरमा गोली प्रहारबाट चार जनाको मृत्यु र दर्जनौँ घाइते भएका थिए । फागुन ९ गते कानुन व्यवसायी (वकिल) हरूले कालो पट्टि बाँधी अदालत बहिष्कार गरेका थिए । फागुन १० गते विराटनगरमा महिलाहरूको विरोध प्रदर्शन, फागुन १२ गते स्वास्थ्यकर्मी र चिकित्सकहरूबाट शिक्षण अस्पतालमा २ घण्टा हडताल, फागुन १३ गते वीर अस्पतालका चिकित्सकहरूद्वारा कालोपट्टि बाँधी हडताल र १४ गते देशभर कालो दिवसको आह्वान गरिएको थियो । यसरी नै फागुन १६ गते प्राध्यापकहरूको विरोधसभा, फागुन १९ गते दोस्रो पटक नेपाल बन्द, फागुन २२ गते कानुन व्यवसायीहरूको मौन जुलुस, फागुन २६ गते पञ्चायती व्यवस्थाको पुतला दहन, चैत १ गते तेस्रो पटक नेपाल बन्द भएको थियो । चैत ३ गते लेखक तथा कलाकारहरूको त्रिचन्द्र कलेज र प्रज्ञा भवन बाहिर प्रदर्शन, चैत ४ गते अमेरिकामा रहेका नेपालीहरूद्वारा नेपाली दूतावास अगाडि विरोध प्रदर्शन, चैत ७ गते बुद्धिजीवीहरूद्वारा गरिएको विचार गोष्ठीमा सबैको गिरफ्तारी, चैत ८ गते सम्पूर्ण शिक्षकहरूद्वारा कलम बन्द र चैत १० गते प्राध्यापकहरूबाट कलम बन्द गरिएको थियो । त्यस्तै, चैत ११ गते विराटनगरका सबै क्याम्पसमा प्राध्यापकहरूद्वारा कलम बन्द, चैत १५ गते प्राध्यापक, चिकित्साकर्मी, इन्जिनियरहरूद्वारा हडताल तथा विरोध जुलुस, चैत १६ गते स्कूल तथा क्याम्पसमा विद्यार्थीहरूको जुलुस प्रदर्शन तथा बत्ती निभाउने कार्य भएको थियो । चैत १९ गते भक्तपुर र कीर्तिपुरमा विशाल जुलुस तथा आमसभा र पाइलटहरूको विरोध प्रदर्शन तथा हडताल, चैत २० गते पाटनमा विशाल जुलुस तथा सभा, चैत २३ गते कर्मचारीहरूको जुलुस प्रदर्शन भएको थियो । चैत २५ गते भक्तपुरलगायत विभिन्न ठाउँमा जुलुस प्रदर्शन भएको थियो । भक्तपुर, काठमाडौँ, ललितपुर र बुटवलमा कर्फ्यु गरिएको थियो । आन्दोलनमा किसान, मजदुर, विद्यार्थी, शिक्षक, प्राध्यापक, महिला, युवा, लेखक, कलाकार, इन्जिनियर, चिकित्सक, पाइलट, कानुन व्यवसायी, कर्मचारी, साहित्यकार आदिले विभिन्न कार्यक्रम र वक्तव्य दिएर आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै समर्थन गरेका थिए । यसैको परिणाम संयुक्त जनआन्दोलन सफल भएको थियो । फलत: निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य भयो । चैत २७ गते देशभर प्रजातान्त्रिक बहुदलीय व्यवस्था पुनर्स्थापना भएको खुसियालीमा विशाल जुलुस र आमसभा भएको थियो ।

देशमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापनासँगै गणतन्त्र पनि स्थापना भयो । सहिदहरूको त्यागबाट ठुला विभिन्न राजनीतिक दलले सरकारको नेतृत्व गरे । पञ्चायती व्यवस्था अन्त्य, बहुदलीय व्यवस्था स्थापना हुँदै गणतन्त्र स्थापना भए पनि देशमा बहुमत जनताको पक्षमा कुनै मौलिक नीति निर्णय भएको छैन । अत: यो पुँजीवादी व्यवस्थाको अन्त्य गरी समाजवादी व्यवस्था स्थापना गर्न फेरि सङ्घर्षको आवश्यकता छ । देशको मुहार फेर्न ज्यानको बाजी राख्ने अमर सहिदप्रति सच्चा सम्मान तथा वीर योद्धाहरूप्रति कदर गर्नु जरुरी छ ।

# पार्टी घोषणापत्रहरूमा शिक्षासम्बन्धी प्रतिबद्धता

**विवेक**

नेपाल मजदुर किसान पार्टीले आइतबार निर्वाचन घोषणापत्र सार्वजनिक गऱ्यो । देश र जनताको नि:स्वार्थ सेवा गरौँ, समाजवादी प्रचार अभियान अगाडि बढाऔँ भन्ने मूल नाराका साथ सार्वजनिक गरिएको घोषणापत्रमा शिक्षालाई प्राथमिकतामा राख्दै भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने ख्वप विश्वविद्यालय विधेयक संसद्को पहिलो बैठकबाट पारित गराउन जोड दिइने उल्लेख गरिएको छ । विश्वविद्यालयहरूमा अहिले भइरहेको भागबन्डा, विकृति र विसङ्गतिबाट मुक्त गरी अध्ययन अनुसन्धानमा केन्द्रित बनाउन 'उपकुलपति रजिस्टार र रेक्टरको नियुक्तिसमेत सम्बन्धित क्षेत्रबाट निर्वाचित गरिनुपर्ने' विचार अघि सारिएको छ । अन्य विभिन्न पार्टीहरूभन्दा यो विश्वविद्यालयलाई हेर्ने नेमकिपाको फरक दृष्टिकोण हो ।

नेमकिपाले शिक्षालाई राज्यको दायित्वभित्र राख्नुपर्नेमा निरन्तर जोड दिइआएको छ । 'सुसंस्कृत र सभ्य समाज निर्माणका लागि विद्यालय शिक्षा अनिवार्य र नि:शुल्क तथा विश्वविद्यालय शिक्षा नि:शुल्क बनाउन कानुन निर्माण गर्न जरुरी छ' - घोषणापत्रमा भनिएको छ । नेमकिपाले सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिनुपर्नेमा निरन्तर आवाज उठाउँदै आएको छ । तर, आश्चर्यको विषय अहिलेसम्म कुनै पनि पार्टीले स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकारबारे बोलेको सुनिएको छैन ।

भक्तपुर नगरपालिकाले दुई वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्थाहरू सफलतापूर्वक सञ्चालन गरी देशभरका ७ हजारभन्दा बढी विद्यार्थीहरूलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्दै छ । एक दशकभन्दा अघिदेखि नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनमा जोड दिए पनि सरकारले विधेयक अगाडि बढाएन । भक्तपुर नगरपालिकाले निजी मेडिकल कलेजहरूले भन्दा निकै कम शुल्कमा चिकित्सा शिक्षासमेत प्रदान गर्ने उद्देश्यले विश्वविद्यालयको माग गर्दै आएको हो । विगतका प्रतिनिधिसभाका बैठकहरूमा विभिन्न पार्टीका सांसदहरूले ख्वप विश्वविद्यालय विधेयक पारित गर्नुपर्ने आवाज उठाए । ती सांसदहरू कति पछि शिक्षामन्त्रीसमेत भए । उनीहरूले आफ्नो हातमा अधिकार भएको बेला ख्वप विश्वविद्यालयबारे चुइँक्क बोलेनन् । त्यस्ता मन्त्री र सांसदहरूको बोलीलाई अब जनताले कसरी विश्वास गर्छन् ?

निर्वाचन आयोगले फागुन ३ गतेभित्र घोषणापत्र जारी गर्न सम्पूर्ण पार्टीहरूलाई निर्देशन जारी गरेपछि अहिले विभिन्न राजनीतिक दलहरूले निर्वाचन घोषणापत्र सार्वजनिक गर्दै छन् । हालसम्म माओवादी,

**पटक–पटक सरकारमा गएर पनि संविधानमा भएका नि:शुल्क शिक्षाका प्रावधानहरू कार्यान्वयन गर्न नसक्ने दलहरूले अहिले निर्वाचनअघि शिक्षा विकासमा ठुल्ठुला गफहरू दिनु फेरि एक पटक जनतालाई धोका दिनु हो । जनताले अब शासक दलहरूको त्यस्ता गलत दल र उम्मेदवार चयन गर्ने छैनन् । शिक्षाको लागि न्यूनतम २० प्रतिशत बजेट विनियोजन गरी प्राविधिक शिक्षालयहरूको स्थापना र नि:शुल्क शिक्षालाई कानुन बनाई राम्रोसँग कार्यान्वयन गर्ने प्रतिबद्धता शिक्षा क्षेत्रमा दलहरूबाट जनताले अपेक्षा गरेका छन् ।**

राप्रपालगायतका दलहरूले घोषणापत्र सार्वजनिक गरिसकेका छन् भने अन्य पार्टीहरूको पनि सार्वजनिक गर्ने कार्य जारी छ ।

नेकपाले जारी गरेको घोषणापत्रमा विश्वविद्यालयलाई शैक्षिक, प्रशासनिक तथा वित्तीय स्वायत्तता प्रदान गर्ने, पदाधिकारी तथा प्राध्यापकहरूको नियुक्ति, बढुवा तथा मूल्याङ्कन मेरिटको आधारमा गर्ने उल्लेख छ । हालसम्म विश्वविद्यालयका पदाधिकारी तथा प्राध्यापकहरू भागबन्डामा नियुक्ति हुँदै आएकोमा नेकपाले त्यसमा सुधार गर्ने सोच अघि सारेको देखिन्छ । अहिलेसम्म शासक दलहरूबिच विश्वविद्यालयका सबै पदहरू भागबन्डामा नियुक्त हुँदै आएका छन् । विगतमा योग्यभन्दा आफ्नो मान्छेले अवसर पाउने प्रवृत्तिले शैक्षिक र प्रशासनिक क्षेत्रमा अत्यन्त कमजोर व्यक्ति पनि नियुक्त हुने गरेका थिए । यसले विश्वविद्यालयको शैक्षिक गुणस्तर गिर्दै गइरहेको छ ।

पूर्वउपकुलपति धर्मकान्त बास्कोटाले आफू पदमा बहालमा रहेकै बेला लाचार भएर भनेका थिए- पढाउने क्षमता नभएका प्राध्यापक पनि भागबन्डामा नियुक्त हुन्छन्, प्राध्यापकहरूले उपकुलपतिको निर्देशन पालना गर्नुभन्दा नियुक्त गरेका दलप्रति बफादार हुन्छन् । दलको शक्ति देखाएर जागिर खाएका छन्; उनीहरू कतिले त कक्षामा गएर पढाउन पनि सक्दैनन् ।

प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन नेमकिपाले धेरै पहिलेदेखि आवाज उठाउँदै आएको हो । बल्ल शासक दलका नेताहरूको घैँटोमा अलिअलि घाम लागेको अनुभव गरिँदै छ । पछिल्ला केही विश्वविद्यालयहरू मदन भण्डारी विश्वविद्यालय, नेपाल विश्वविद्यालयलगायत ट्रस्ट मोडलमा सञ्चालन हुँदै छन् । यसलाई विश्वविद्यालय सञ्चालनको नयाँ र सकारात्मक कदम मान्न सकिन्छ । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय त्यही तरिकाले सञ्चालन गर्ने प्रस्ताव गरेको हो । तर, त्यो प्रक्रिया अघि बढेन ।

तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईले आफ्नो कार्यकालमा ख्वप विश्वविद्यालय विधेयक पारित गर्ने बताएकी थिइन् । विधेयकबारे पटक-पटक छलफल पनि भयो । पछि उनले भनपालाई विश्वविद्यालय दिएपछि अन्य ७५२ पालिकाले पनि माग गरेमा के गर्ने भनी नगरपालिकाका पदाधिकारीहरूसँग जिज्ञासा राखिन् । निजीलाई खोल्न दिनुभन्दा सक्षम पालिकालाई विश्वविद्यालय सञ्चालनको अनुमति दिनु धेरै राम्रो हो भनी जवाफ दिएपछि उनी चुप लागेकी थिइन् । अन्तत: एमाले नेतृत्वको सरकारको पालामा नगरपालिकालाई विश्वविद्यालय चलाउन संविधान र कानुनमा अधिकार नभएको भनी फाइल बन्द गरियो । एमालेले आफ्नो घोषणापत्रमा शिक्षासम्बन्धी जतिसुकै राम्रा बुँदाहरू उल्लेख गरे पनि विश्वविद्यालयप्रतिको उसको दृष्टिकोण ख्वप विश्वविद्यालय रोकेकैबाट थाहा हुन्छ । सरकारीलाई ध्वस्त पारी र निजीलाई पोस्ने उनीहरूको मनसाय घामजतिकै प्रस्ट छ ।

सबै पार्टीहरूको निर्वाचन घोषणापत्रमा स्थानीय पालिकालाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकार दिने प्रतिबद्धता आउनु आवश्यक छ । पार्टीहरू स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन चाहेको हो वा होइन यसबाट पनि थाहा हुन्छ । यदि देशको शैक्षिक विकास गरी समाजलाई बुद्धिजीवीकरणतर्फ अगाडि बढाउने हो भने फरक फरक विशेषतासहितको धेरैवटा विश्वविद्यालय चलाउनु आवश्यक छ ।

राप्रपाले पनि आफ्नो घोषणापत्रमा शिक्षा क्षेत्रमा देखिएका अत्यधिक राजनीतीकरण, दलीय भागबन्डा, अराजकता र बिसङ्गतिलाई कानुनी रूपमा अन्त्य गर्ने, त्रिभुवन विश्वविद्यालयलाई राष्ट्रिय विश्वविद्यालय बनाउने र सबै विश्वविद्यालयहरूमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था अन्त्य गर्ने उल्लेख गरिएको छ ।

देशका विश्वविद्यालयहरूलाई अनुसन्धानको केन्द्र बनाइनुपर्छ । त्यसको लागि ससाना विश्वविद्यालयहरू निर्माण गर्नु आवश्यक छ । विश्वविद्यालयको अनुसन्धानबाट प्राप्त नतिजालाई कार्यान्वयन गरी उत्पादनसँग जोड्ने शिक्षाको विकास गरिनुपर्छ । अहिले पनि धेरै विषयमा अनुसन्धान हुन्छ तर त्यो व्यवहारमा आउन सकिरहेको छैन । यसर्थ, दलहरूको घोषणापत्रमा सबै विश्वविद्यालयहरू अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने प्रतिबद्धता आउनुपर्छ ।

समय - समयमा विश्वविद्यालयमा हुने बन्द, हडतालले विद्यार्थीहरू निराश छन् । शान्तिपूर्ण वातावरण नभएकै कारण कैयौँ विद्यार्थीहरू विदेशमा उच्च शिक्षा हासिल गर्न गइरहेका छन् । हालै अखिल क्रान्तिकारीले विगतको सहमति कार्यान्वयनको माग राखेर त्रिभुवन विश्वविद्यालयमा तालाबन्दी गरेको छ । राम्रो पठनपाठन हुन सकेको छैन । हजारौँ विद्यार्थीहरूको पढाइ अलपत्र छ । उपकुलपति, रजिस्टार, रेक्टरलाई काम गर्न र प्राध्यापकहरूलाई काम गर्ने वातावरण छैन । यसअघि पनि कहिले नेविसङ्घ, कहिले एमाले निकट विद्यार्थी सङ्घ अनेरास्ववियुले त कहिले विभिन्न प्राध्यापक सङ्घहरूले बन्द गर्ने गरेका थिए । विश्वविद्यालयको यस्तो अस्तव्यस्त अवस्थामा कसरी गुणस्तरीय शिक्षाको अपेक्षा गर्ने ?

विश्वविद्यालयको शैक्षिक गुणस्तर कमजोर हुनुमा विद्यार्थी सङ्गठनहरू जति जिम्मेवार छन्, शासक राजनैतिक दलहरू त्यो भन्दा कम जिम्मेवार छैनन् । गुटगत गतिविधिले गर्दा विश्वविद्यालयहरूमा कहिल्यै शान्तिपूर्ण वातावरण कायम हुन सकेनन् । त्यसकारण, निर्वाचन घोषणापत्रमै विश्वविद्यालयहरू बन्द, हडताल, तोडफोड, आगजनीजस्ता अराजक गतिविधि हुन नदिने प्रतिबद्धता आउनुपर्छ । अझ शासक दलहरूको घोषणापत्रमा त्यो अनिवार्य छ ।

**विद्यालय शिक्षाबारे :**

नेपालको संविधानले आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क तथा मावि शिक्षा नि:शुल्कको व्यवस्था गरेको हुँदा त्यसलाई व्यवहारमा कार्यान्वयन गर्ने पनि प्रतिबद्धता आउनु जरुरी छ । अहिले सरकारी र निजी गरी दुई किसिमको शिक्षाले विद्यार्थीको क्षमताभन्दा पैसाले शिक्षाको गुणस्तर निर्धारण गर्ने भएको छ । पैसा धेरै भएकाले गुणस्तरीय शिक्षा पाउने र पैसा नभएकाले कमजोर शिक्षा पाउने दुई किसिमको शिक्षा नीतिको अभ्यास भइरहेको छ । पार्टी घोषणापत्रहरूमा अबको ५ वर्षभित्र सबै शिक्षा नि:शुल्क गर्ने प्रतिबद्धता हुनु आवश्यक छ । त्यसको लागि आवश्यक कानुन निर्माण गर्ने अग्रसरता लिने विषय पनि उल्लेख हुनुपर्छ ।

टोलटोलमा शिशुस्याहार केन्द्रहरूको व्यवस्थाले धेरै आमाको श्रमशक्ति जोगिनेछ । बच्चाहरूको राम्रो हेरचाहसँगै हजारौँ महिलाले स्वदेशमै रोजगारीको अवसर पाउनेछन् । नेमकिपा र नेकपाको घोषणापत्रमा वडा वडामा शिशुस्याहार केन्द्र खोल्ने उल्लेख भएको पाइन्छ । यो सकारात्मक कुरा हो । पार्टीहरूले घोषणापत्रमा लेख्नेमात्र होइन सरकारमा गएपछि कार्यान्वयन गर्नु पनि उतिकै आवश्यक छ । विगतमा घोषणापत्र कार्यान्वयन गर्न नसकेकोमा शासक दलहरूले आत्मआलोचना गर्न पनि पछि पर्नु हुँदैन । यसले जन विश्वास प्राप्त गर्न मद्दत गर्नेछ ।

वर्तमान शिक्षा नीति विदेशीहरूको लागि सस्तो ज्यामी तयार गर्ने खालको मात्र भएको छ । विश्वविद्यालयहरू बेरोजगारी प्रमाणपत्र वितरण गर्ने कारखानाको रूपमा देखिँदै छन् । नेपालमा उत्पादित जनशक्ति नेपालमै खपत हुने खालको हुनुपर्ने थियो । विश्वविद्यालयको कोर्स डिजाइन र पाठ्यपुस्तक विदेशीले गर्ने र तालिमसमेत उनीहरूले दिने हुँदा उनीहरूको आवश्यकताअनुसार जनशक्ति तयार भएकोमा आश्चर्य नमाने हुन्छ । यसर्थ, पार्टी घोषणापत्रहरूमा देशलाई आत्मनिर्भर हुने शिक्षा प्रदान गर्ने प्रतिबद्धता पनि आउनु आवश्यक छ ।

पटक-पटक सरकारमा गएर पनि संविधानमा भएका नि:शुल्क शिक्षाका प्रावधानहरू कार्यान्वयन गर्न नसक्ने दलहरूले अहिले निर्वाचनअघि शिक्षा विकासमा ठुल्ठुला गफहरू दिनु फेरि एक पटक जनतालाई धोका दिनु हो । जनताले अब शासक दलहरूको त्यस्ता गलत दल र उम्मेदवार चयन गर्ने छैनन् । शिक्षाको लागि न्यूनतम २० प्रतिशत बजेट विनियोजन गरी प्राविधिक शिक्षालयहरूको स्थापना र नि:शुल्क शिक्षालाई कानुन बनाई राम्रोसँग कार्यान्वयन गर्ने प्रतिबद्धता शिक्षा क्षेत्रमा दलहरूबाट जनताले अपेक्षा गरेका छन् ।

# समाजवादको विचारधारात्मक आधारका केही समस्याहरूको सम्बन्धमा – ४

✍ किम जोङ इल

आधुनिक सामाजिक प्रजातन्त्र त पुँजीवादी दृष्टिकोण र सामाजिक सिद्धान्तप्रतिको अवधारणामा आधारित भएको हुन्छ । यसले सामाजिक जीवनमा असीमित स्वतन्त्रता र अनियन्त्रित बजारको प्रतिस्पर्धाको वकालत गर्छ । यो भनेको त समाजवादी समाजमा जैविक संसारमा विद्यमान स्वयंस्फूर्त र अस्तित्वको लागि सङ्घर्ष गर्नुपर्ने नियमहरू लागू गरिनुपर्छ भन्ने हो । सारमा भन्नुपर्दा, यो त जङ्गली न्याय, पुँजीवादी समाजको न्याय र नियन्त्रणबिनाको कार्यतर्फ लक्षित प्रतिक्रियावादी दृष्टिकोण र धारणा हो ।

आधुनिक सामाजिक प्रजातन्त्रले मान्छेप्रतिको दृष्टिकोण र अभिवृत्तिलाई केन्द्रित गरेर आफ्नो प्रतिक्रियावादी स्वरूप प्रकट गर्यो ।

यसले मान्छेलाई भौतिक सामग्रीहरू उत्पादन गर्ने आवश्यक साधनको रूपमा लिन्छ । मान्छेको लागि भौतिक सामग्रीहरूको आवश्यकता पर्छ, भौतिक सामग्री उत्पादनको लागि मान्छे बाँच्दैन । यदि विकसित यन्त्रले मान्छेको सेवा गर्दैन भने त्यो त एउटा मूल्यहीन बेकारका फलामको टुक्राबाहेक अरू केही होइन । त्यसो भए तापनि, केही मान्छेहरू भौतिक वस्तुहरूको उत्पादनमा मान्छेको आधारभूत अधिकारलाई कुल्चन हिच्किच्याउँदैनन् ।

साधारण तथ्यबाट के स्पष्ट पार्न सकिन्छ भने तिनीहरूले परिश्रमको चाहनालाई बढावा दिन (जगाउन) बेरोजगारको प्रयोगलाई दबाब दिने साधनको रूपमा प्रयोग गर्नुपर्छ भनी वकालत गर्छन् । श्रमको अधिकार मान्छेको आधारभूत अधिकार हो । श्रमिक जनसमुदायलाई श्रम अधिकारबाट पनि अलग्याउने समाजवाद त मानवीय र प्रजातान्त्रिक समाजवाद हुनै सक्दैन । श्रमिक जन समुदायको श्रम अधिकारलाई निर्ममतापूर्वक दमन गर्नु त शोषणयुक्त समाजमा अन्तर्निहित आभास हो । पुँजीपतिहरूले मान्छेलाई यन्त्रको कुनै एउटा पुर्जा र लाभदायक वस्तुको रूपमा लिन्छन् । पुँजीपतिहरूको लागि फाइदा दिन सकेको अवस्थामा मात्र श्रमिक जनता अर्थपूर्ण हुन्छन् । आधुनिक सामाजिक प्रजातन्त्र र पुँजीवादीहरू दुवैको दृष्टिकोण पैसा र वस्तुको आधारमा मान्छेको मूल्य तोक्छन् ।

आधुनिक सामाजिक प्रजातन्त्रले स्वाधीनताको विचारधारात्मक चेतना भएको प्राणीको रूपमा नभइकन व्यक्तिहरूको भौतिक इच्छा परिपूर्ति गर्ने प्राणीको रूपमा लिन्छ । केही मान्छेहरूले के दावा गर्छन् भने व्यक्तिको लागि भौतिक प्रेरणा नै सम्पूर्ण हो भन्ने कुरोमा अड्डी लिएर मानव सम्बन्धका सबै रूपहरू सामान र पैसामा फेरिनुपर्छ । मान्छेलाई एउटा साधनको रूपमा लिई मान्छेलाई भौतिक चाहनामात्र खोज्ने प्राणी भन्नु गलत दृष्टिकोण हो ।

आधुनिक सामाजिक प्रजातन्त्रले मान्छेलाई श्रृजनशील क्षमताले ओतप्रोत भएको शक्तिशाली प्राणीको रूपमा नलिइकन भौतिक र आर्थिक अवस्थाबाट थिचिएको प्राणीको रूपमा लिन्छ । यही दृष्टिकोणबाट प्रस्थान गर्दै केही मान्छेहरूले जनतालाई शक्तिशाली प्राणी बनाउन र तिनीहरूको श्रृजनशीलतालाई अघि बढाउन तिनीहरूलाई प्रशिक्षित गर्ने कार्य नगरी वस्तुगत परिस्थितिमा सामाजिक विकासको आधार पत्ता लगाउन कोसिस गर्छन् र यसरी आर्थिक बन्दोबस्तलाई पुन:संरचना गरिरहेका छन् ।

सामाजिक इतिहास सम्बन्धमा आधुनिक प्रजातन्त्रवादीहरूको दृष्टिकोण र अभिप्राय पुँजीवादी दृष्टिकोण र अभिप्राय नै हो । त्यसअनुसार, आधुनिक सामाजिक प्रजातन्त्रको बाटो समाजवादी प्रजातन्त्रको बाटो हुँदै होइन, यसको बाटो पुँजीवादी बाटोबाहेक अरू केही होइन ।

आधुनिक सामाजिक प्रजातन्त्र त पुँजीवादी भ्रमको उपज हो । विकसित पुँजीवादी देशहरूको 'भौतिक समृद्धि' को भ्रमबाट बाहिर निस्केर हेर्दा केही मान्छेहरू यसबाट पथभ्रष्ट भएका छन् र क्रान्तिकारी सिद्धान्तलाई परित्याग गर्दै छन् ।



यदि कसैले विकसित पुँजीवादी देशहरूको र समाजवादी देश र त्यसका चरित्रहरू सम्बन्धमा अनुभव गरिएका ऐतिहासिक स्थितिको विश्लेषण गर्छ भने ऊ कहिल्यै त्यस्तो मूर्खतापूर्ण भ्रममा पर्नेछैन । विकसित पुँजीवादी देशहरू पहिल्यैबाटै पुँजीवादी विकासको बाटोमा प्रवेश गरिसकेको बेला समाजवादी देशहरू कि आर्थिक विकासको स्तर कम भएको अवस्थामा थिए कि औपनिवेशिक अवस्थामा थिए । विकसित पुँजीवादी देशहरूले मजदुरवर्ग र तेस्रो विश्वका नव-औपनिवेशिक देशहरू माथिको नव-औपनिवेशिक लूटबाट 'भौतिक समृद्धि' प्राप्त गरेका थिए । जे भए पनि समाजवादी देशहरूले त शोषण र डकैती गरेर धन आर्जन गर्ने कुरै भएन । समाजवादी देशहरूमा अतुलनीय रूपले आर्थिक विकासमा लाभ भएको छ, यद्यपि विकसित पुँजीवादी देशहरूको तुलनामा भौतिक जीवनको क्षेत्रमा अपेक्षाकृत अझै पछि परेका छन् । यदि कसैले विकसित पुँजीवादी देशहरूको र समाजवादी देशहरूबिचको विशेषता सम्बन्धमा वर्तमान आर्थिक विकासको तहलाई मात्र ध्यान दिन्छ भने उसले सही ढङ्गले समाजवाद र पुँजीवादबिचको भिन्नतालाई छुट्याउन सक्दैन । त्यसो भए तापनि, अझै केही मान्छेहरू पुँजीवादी समाजको भ्रममा परेर पुँजीवादी सामानको विलासिताको रूपलाई मात्र हेर्छन् । त्यहाँ विद्यमान शोषणयुक्त स्वभाव र भ्रष्टता, बेरोजगार मगन्तेहरू, आमा बाबुबाट परित्याग गरिएका सडक सडकमा भौतारिरहेका सडक बालकहरूलाई नहेरिकन तिनीहरूले धनाढ्यहरूको असाधारण चाहनालाई पूरा गर्ने विलासिताका सामान र झिलिमिलीहरू मात्र देख्छन् ।

आधुनिक सामाजिक प्रजातन्त्र त साम्राज्यवादप्रति आत्मसमर्पणको उपज हो । एकातिर, साम्राज्यवादीहरूले समाजवादी देशहरू माथि आणविक हतियारको धम्की दिइरहेका छन् भने अर्कोतिर पैसाको लोभ देखाइरहेका छन् । यस्तो दबाबमा टिक्न नसकेर अनि लोभमा फसेर केही मान्छेहरूले एकपछि अर्को पाइला गर्दै झुक्दै गए र अन्तमा समाजवादी सिद्धान्तलाई परित्याग गर्ने र पुँजीवादी बाटो लिने साम्राज्यवादीहरूको मागलाई स्वीकार्न पुगे । तिनीहरूले दावा गर्ने गरेको 'विचारको नयाँ तरिका' त साम्राज्यवादीहरूको अगाडि आफै नि:शस्त्र भई तिनीहरूको चाहनालाई पूरा गर्न समाजवादलाई पुन:संरचना गर्ने नाममा साम्राज्यवादलाई सिङ्गार्न लक्षित प्रतिक्रियावादी कुतर्क हो ।

समाजवादलाई पुँजीवादमा लाने शान्तिपूर्ण सङ्क्रमणको बाटो खोलेर सबैखाले पूर्व अवसरवादीहरूजस्तै आधुनिक सामाजिक प्रजातन्त्रवादीहरू पनि अवश्यमेव असफल हुनेछन् । केही केही देशहरूमा खतरनाक धारको रूपमा रहेको यो प्रतिक्रियावादी कुतर्कलाई फैलाए तापनि असफल हुन्छ नै । अन्तर्राष्ट्रिय धारको विचारधाराको रूपमा दोस्रो अन्तर्राष्ट्रमा देखापरेको संशोधनवाद दोस्रो अन्तर्राष्ट्रवादसँग आबद्ध सबै देशहरूमा फैलिएर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा ठुलठुला विपत्ति र अस्थायी हार ल्याइदिए । त्यस्तो भए तापनि अन्तमा यो टाट पल्ट्यो ।

आधुनिक सामाजिक प्रजातन्त्र लागू गरिएको देशहरूमा सामाजिक जीवनका सबै क्षेत्रहरूमा सुरूदेखि नै अन्योल छाइरहेको छ । 'प्रजातन्त्र' र 'बहुदलीय व्यवस्था' ले राजनीतिक जीवनलाई प्रतिक्रियावादी बनाउँदै छ । तिनीहरूले सामाजिक जीवनलाई प्रजातान्त्रिक बनाउन सकेका छैनन् । पार्टीभित्र घुसपैठ गरी राजनीतिक पार्टी र सङ्गठनहरूको हितमा एक सिन्को नभाँचेकाहरूले जनमतलाई गलत दिशातर्फ मोड्दै संसद् र सरकारको बागडोर हत्याएर 'राजनीतिक बहुलवाद' को जामा लगाएर समाजवादको विरोधमा टाउको उठाएका द्वैधचरित्र बोकेकाहरूले मजदुर वर्गीय पार्टीलाई ध्वस्त पार्दै छन् । आधुनिक सामाजिक प्रजातन्त्रले राष्ट्र र क्षेत्रबिच झगडा र द्वन्द्व चर्काउँदै समाजलाई चिरा चिरा पार्दै छन् । तिनीहरूले लागू गरेको पुँजीवादी बजार अर्थतन्त्रबाट उत्पादन घट्दै छ, महँगी आकासिँदै छ, बेरोजगार, धनी र गरिबबिचको खाडल झन् फराकिलो हुँदै छ । परिणामस्वरूप, अधिकांश जनताको जीवन झन् झन् कष्टकर बन्दै छ । 'ग्लास्नोट र 'पेरेस्ट्रोइका' प्रारम्भसँगै पुँजीवादी उदारवादले विभिन्न किसिमका अपराध र पतोन्मुख पुँजीवादी जीवनशैली निम्त्याइरहेको छ । अनैतिकता र दुष्टताको ताण्डव नृत्य देख्न सकिन्छ । यो सब आधुनिक सामाजिक प्रजातन्त्रले तय गरेको 'पेरेस्ट्रोइका' र 'सुधारका नीतिहरू' को दुष्परिणाम हो ।

वास्तविकता निर्मम परीक्षाको घडी हो । आधुनिक सामाजिक प्रजातन्त्रबाट कृत्रिम रूपले सृजित सङ्कट सामाजिक प्रजातन्त्रको जामा पहिरिएर समाजवादलाई पुँजीवादमा फेर्ने कुनै पनि कुत्सित योजनाले पूर्ण टाटपल्टाइलाई छोप्न सक्ने कुरोलाई स्पष्ट रूपले देखाउँछ । जनतालाई मिठो मिठो शब्द जालमा फसाउने र समाजवादी आजु, जनताको पसिना र रगतको मूल्यमा प्राप्त उपलब्धिलाई अस्वीकार गर्ने र समाजवादी इतिहासको बदनाम गर्ने आधुनिक सामाजिक प्रजातन्त्रको प्रतिक्रान्तिकारी स्वरूप पूर्ण रूपले उदाङ्गो हुँदै छ । आधुनिक सामाजिक प्रजातन्त्रबाट लोभमा फसाइएका जनता यसको वास्तविक रूपबाट सचेत हुँदै छन् । तिनीहरूले यसलाई सराप्नसम्म सराप्दै छन् । सच्चा क्रान्तिकारीहरूले, समाजवादी देशका जनता र विश्वभरिका प्रगतिशील जनताले आधुनिक सामाजिक प्रजातन्त्रको विरोध गर्दै छन् ।

आधुनिक सामाजिक प्रजातन्त्रलाई साम्राज्यवादीहरूले साथ दिए तापनि यसले समाजवादी आजुको रूपमा रहेको जनताको स्वाधीनताको आजुलाई घात गर्दै ठुलठुला क्षति व्यहोर्दै छ । समाजवाद अनेकन कष्ट (बाधा-व्यवधान) झेल्दै निरन्तर विजय पथमा लम्कनेछ । जनताको स्वाधीनता र समाजवादतर्फ अघि बढ्ने इच्छालाई कुनै पनि शक्तिले रोक्न सक्दैन । समाजवाद कसैको आविष्कार होइन, यो मानवताको इच्छा र आकाङ्क्षा हो । मानव समाज समाजवादतर्फ अघि बढ्नु समाज विकासको नियम हो । जनताले सदियौं सदियौंदेखि शोषण र दमनबाट मुक्त प्रत्येकले समान रूपले समृद्ध जीवनयापन गर्न पाउने नयाँ समाज इच्छा गर्दै आएका छन् र समय बित्दै गएपछि जनताको यो इच्छा झन् तीव्र हुँदै छ । जहाँ शोषण र दमन हुन्छ त्यहाँ सदैव प्रतिरोध हुन्छ नै । पुँजीवादले आर्थिक विकास गर्न सके तापनि स्वाधीन र समान जीवन यापन गर्ने जन-समुदायको इच्छालाई पूरा गर्न सक्दैन ।

धन-सम्पत्तिको वृद्धिले शोषण र दमनविरूद्धको मजदुरवर्गको प्रतिरोध निस्तेज हुन्छ भन्ने कुरो सही होइन । मानव जातिले सिर्जना गरेको भौतिक धन-सम्पत्ति इतिहाससँगै वृद्धि भएको, तर शोषण र दमनविरूद्धको जनताको सङ्घर्ष तीव्र भएको छ । यो त 'धनी झन् धनी हुने र गरिब झन् गरिब हुने शोषणयुक्त समाजको अपरिहार्य प्रतिफल हो । पुँजीवादको 'भौतिक समृद्धि' ले साम्राज्यवाद र पुँजीवादको निम्ति सीमाहीन राजनीतिक र आर्थिक सङ्कट निम्त्याएर धनी र गरिबबिचको अन्तरविरोधलाई चर्काउँछ । यदि साम्राज्यवादी र यसका पिछलग्गूहरूले 'समाजवादलाई पुँजीवादमा शान्तिपूर्ण सङ्क्रमण' को प्रयत्नलाई निरन्तरता दिने कार्यलाई बल पुर्‍याउँछ भने तिनीहरूले जनताको अझ चर्को प्रतिरोधको सामना गर्नुपर्नेछ ।

आजका जनता त समाजवादको इच्छा गर्ने र सिद्धान्तबाट समाजवादलाई बुझ्ने हिजोका जनताजस्तै होइनन्, शोषण र दमनबाट मुक्त समाजवादी समाजको उपलब्धिपूर्ण/लाभदायक व्यावहारिक जीवनको अनुभव गरेका जनता हुन् । समय बित्दै गएपछि बिउँझेका सच्चा क्रान्तिकारी र जनताले साम्राज्यवादी र तिनीहरूका पिछलग्गूहरूको संयन्त्रलाई स्वीकार गर्ने छैनन् । जनताले तिनीहरूको भर्त्सना गर्दै तिनीहरूको विरोधमा सक्रिय सङ्घर्षको थालनी गर्नेछन् । सच्चा क्रान्तिकारी जनता साम्राज्यवादी र तिनीहरूका पिछलग्गूहरूको संयन्त्रविरूद्धको सङ्घर्षमा क्रान्तिकारी सिद्धान्तलाई कायमै राख्ने देशहरू समाजवादी बाटोबाट निरन्तर अघि बढेको हेर्न जनताले हामीबाट धेरै कुरा अपेक्षा गर्छन् र हामीलाई विश्वास गर्छन् किनभने जुछे विचारधाराको फर्फराइरहेको झन्डामुनि क्रान्तिकारी आजुको निरन्तरतालाई सुनिश्चित गरेर हामीले जनतामा केन्द्रित समाजवाद निर्माण गर्छौं र हामीले पूर्ण रूपमा समाजवादको लाभ प्राप्त गर्ने कुरामा इमानदारीपूर्वक आशा गर्छौं ।

निकै सफल हाम्रो आफ्नो ढङ्गको समाजवाद हाम्रो काँधमा सुम्पेको आदर्शमय ऐतिहासिक अभिभारा त हाम्रो मातृभूमिको सम्पन्नता र हाम्रो जनताको सुखको लागि मात्र नभइकन समाजवादी आजुको रूपमा रहेको स्वाधीन मानवताको आजुको अन्तिम विजयको निम्ति पनि हो । यस कुरालाई मनमा राखेर, हाम्रो आफ्नै ढङ्गको समाजवादको विचारधारात्मक जगको रूपमा रहेको जुछे विचारधाराबाट हामी आफै पूर्ण रूपले सुसज्जित हुनुपर्छ र क्रान्ति र निर्माणलाई अझ सशक्त ढङ्गले अघि बढाउन यसलाई पूर्ण रूपले नयाँ ढङ्गले लागू गर्नुपर्छ ।

*'On Some Problems of the Ideological Foundation of Socialism' बाट भावानुवाद गरिएको*

***स्रोत : किम जङ इलका दुई रचना***

***समाप्त***



इरानमाथि अमेरिकी हमलाको बढ्दो सम्भावनाबिच इरानको होर्मुज जलडमरुमा लगातार दोस्रो दिनको सैन्यअभ्यासका क्रममा लाइभ फायर (क्षेप्यास्त्र परीक्षण) गर्दै इरानी जलसेना १९ फेब्रुअरी २०२६ का दिन ।

*तस्बिर : प्रेस टिभी*

# एआई नियममा सहकार्य चाहन्छौँ : म्याक्रोन

नयाँदिल्ली, ७ फागुन (एएफपी) । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले द्रुतगतिमा विस्तार भइरहेको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रविधिलाई सुरक्षित र जिम्मेवार दिशामा अघि बढाउन विश्वस्तरमा साझा नियम आवश्यक रहेको बताउनुभएको छ । उहाँले भारतसहितका साझेदार राष्ट्रहरूसँग मिलेर एआईसम्बन्धी 'खेलका नियम' निर्माण र परिमार्जनमा प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो ।

भारतमा आयोजित ग्लोबल एआई शिखर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले युरोपेली सङ्घ (ईयू) ले सन् २०२४ मा अङ्गीकार गरेको आर्टिफिसियल इन्टेलिजेन्स ऐनमार्फत विश्वव्यापी नियमनको मार्ग देखाएको उल्लेख गर्नुभयो । उक्त कानुन चरणबद्ध रूपमा कार्यान्वयन भइरहेको छ । "हामी खेलका नियमहरूलाई आकार दिन जारी राख्न कटिबद्ध छौँ... भारतजस्ता हाम्रा सहयोगीहरूसँग", उहाँले नयाँदिल्लीमा भन्नुभयो ।

ईयूको कानुनअनुसार नियामक निकायहरूले सार्वजनिक स्थानमा क्यामेरामार्फत वास्तविक समयमा व्यक्तिको पहिचान गर्ने जस्ता समाजका लागि 'अस्वीकार्य जोखिम' मानिएका एआई प्रणालीहरूलाई प्रतिबन्ध लगाउन सक्ने व्यवस्था छ ।

नयाँ दिल्लीमाजारी एआई इम्प्याक्ट समिटमा उहाँले फ्रान्सले एआई क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा तीव्रता दिएको जानकारी दिनुभयो । "हामी प्रशिक्षित एआई वैज्ञानिक र इन्जिनियरहरूको सङ्ख्या दोब्बर गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

एआई र डिजिटल प्रविधिसम्बन्धी सामाजिक उत्तरदायित्वका सवालमा पनि उहाँले जोड दिनुभयो । गत महिना फ्रान्सेली सांसदहरूले १५ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्ध लगाउने विधेयक पारित गरेका छन्, जुन हाल सिनेटको अनुमोदनको प्रतीक्षामा छ । यो कदम अस्ट्रेलियाले डिसेम्बरमा कार्यान्वयन गरेको समान प्रतिबन्धपछिको पहल हो ।

# डार्फर हिंसामा 'नरसंहारका सङ्केत'

जेनेभा, १९ फेब्रुअरी (एपी) । सुडानको डार्फर क्षेत्रमा विद्रोही समूहले गत अक्टोबरमा सञ्चालन गरेको आक्रमणमा 'नरसंहारको पहिचान' देखिएको संयुक्त राष्ट्रसङ्घ समर्थित स्वतन्त्र तथ्य-अन्वेषण मिसनले निष्कर्ष निकालेको छ । अल-फासेर सहर र वरपर गैर-अरब समुदायलाई लक्षित गरी गरिएको हिंसालाई प्रतिवेदनले योजनाबद्ध र सङ्गठित अभियानको रूपमा चित्रित गरेको छ ।

मिसनका अनुसार र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) ले १८ महिनाको घेराबन्दीपछि अल-फासेरमा सामूहिक हत्या, यौन हिंसा, यातना र जबरजस्ती बेपत्ता पार्नेजस्ता अत्याचार गरेको थियो । प्रतिवेदनले विशेषगरी जाघावा र फर समुदायलाई 'भौतिक विनाशतर्फ धकेल्ने' सर्तहरू सिर्जना गरिएको उल्लेख गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूका अनुसार सुडानी सेनाको अन्तिम गढका रूपमा बाँकी रहेको अल-फासेर आरएसएफको नियन्त्रणमा जाँदा हजारौँ नागरिक मारिएका थिए । सहरका करिब दुई लाख ६० हजार बासिन्दामध्ये ४० प्रतिशतमात्र आक्रमणबाट जोगिएर भाग्न सफल भएको बताइएको छ । बाँकीको अवस्था अझै अज्ञात छ ।

सेना र अर्धसैनिक नेतृत्वबिचको तनाव राजधानी खार्तुमबाट डार्फरसम्म फैलिएपछि सुडान अप्रिल २०२३ देखि गृहद्वन्द्वमा फसेको छ । संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार युद्धमा ४० हजारभन्दा बढीको मृत्यु भइसकेको छ, यद्यपि सहायता संस्थाहरूले वास्तविक सङ्ख्या अझ धेरै हुन सक्ने बताएका छन् ।

प्रतिवेदनमा उल्लेख गरिएअनुसार आरएसएफ र सहयोगी अरब मिलिसियाले अक्टोबर २५ देखि २७ बिच सहरमा छ हजारभन्दा बढी व्यक्तिको हत्या गरेका थिए । सहरबाहिरको अबु सुक विस्थापित शिविरमा आक्रमण हुँदा दुई दिनमै कम्तीमा ३०० जनाको ज्यान गएको थियो । यौन हिंसा र जातीय लक्षित हत्याको व्यवस्थित ढाँचा देखिएको प्रतिवेदनले जनाएको छ ।

सन् १९४८ को 'नरसंहार महासन्धि' ले तोकेका पाँचमध्ये कम्तीमा तीन मापदण्ड पूरा भएको तथ्य-अन्वेषण टोलीले जनाएको छ । संरक्षित जातीय समूहका सदस्यहरूको हत्या, गम्भीर शारीरिक तथा मानसिक क्षति र जीवन परिस्थितिलाई विनाशतर्फ धकेल्ने कार्यहरू अन्तर्राष्ट्रिय कानुनअनुसार नरसंहारका प्रमुख तत्त्व भएको प्रतिवेदनमा उल्लेख छ ।

टोलीका अध्यक्ष मोहम्मद चन्डे ओथम्यानले यो कारवाही 'युद्धको अनियमित ज्यादती' नभई योजनाबद्ध अभियान भएको बताउनुभएको छ । प्रतिवेदनमा उद्धृत बचेका व्यक्तिहरूका भनाइअनुसार आक्रमणकारीहरूले जातीय आधारमा हत्या गर्ने धम्की दिएका थिए ।

सन् २०२३ मा राष्ट्रसङ्घीय मानवाधिकार आयोगद्वारा गठित उक्त मिसनले अपराधीहरूलाई जवाफदेही बनाउन र नागरिक सुरक्षालाई प्राथमिकता दिन आह्वान गरेको छ । द्वन्द्वका क्रममा दुवै पक्षमाथि अन्तर्राष्ट्रिय कानुन उल्लङ्घनको आरोप लागेको भए पनि अधिकांश अत्याचारका लागि आरएसएफलाई जिम्मेवार ठहराइएको छ ।

आरएसएफ जान्जाविद मिलिसियाबाट विकसित भएको समूह हो । यसले सन् २००० को दशकको सुरुआतमा डार्फरमा करिब तीन लाख मानिसको ज्यान जाने र २७ लाख विस्थापित हुने हिंसात्मक अभियानमा संलग्नता देखाएको थियो । संयुक्त राष्ट्रसङ्घका विज्ञहरूका अनुसार युद्धका क्रममा यस समूहलाई संयुक्त अरब इमिरेट्सबाट समर्थन प्राप्त भएको आरोप पनि लागेको छ, जसलाई सम्बन्धित पक्षले अस्वीकार गरेको छ ।

# क्यालिफोर्निया हिमपहिरो : आठ स्की खेलाडीको मृत्यु

लस एन्जलस, ७ फागुन (एएफपी) । क्यालिफोर्नियाको ताहो क्षेत्रमा आएको भीषण हिमपहिरोमा बेपत्ता भएका नौ स्की खेलाडीमध्ये आठ जनाको शव फेला परेको छ भने एक जना अझै बेपत्ता रहेको प्रहरीले जनाएको छ । प्रतिकूल मौसमका कारण उद्धार कार्य अत्यन्त कठिन बनेको छ ।

मङ्गलबार बिहान क्यासल पिक क्षेत्रमा हिमपहिरो गएको थियो । प्रारम्भिक चरणमा छ जना जीवित उद्धार गरिएका थिए । तीमध्ये दुई जनालाई उपचारका लागि अस्पताल लगिएको थियो । त्यसपछि व्यापक खोजी अभियान चलाइए पनि आठ जनाको मृत्यु पुष्टि भएको हो ।

नेभाडा काउन्टीका शेरिफ सानान मुनले एक सदस्य अझै हराइरहेको र आँधी, तीव्र हावा तथा बाक्लो हिमपातले खोजी कार्य अवरुद्ध गरिरहेको बताउनुभयो ।

स्थानीय सुगर बाउल एकेडेमीले केही पीडितहरू आ□नो निजी स्की-केन्द्रित विद्यालयसँग सम्बन्धित रहेको जनाएको छ । विद्यालयका कार्यकारी निर्देशक स्टिफन म्याकमहोनले समुदाय गहिरो शोकमा रहेको उल्लेख गर्नुभयो ।

क्यालिफोर्नियाका गभर्नर ग्याभिन न्युसमलाई घटनाबारे जानकारी गराइएको छ । अधिकारीहरूले ब्याककन्ट्री स्की खेल स्वाभाविक रूपमा जोखिमपूर्ण हुने स्मरण गराउँदै सावधानी अपनाउन आग्रह गरेका छन् ।

# प्रतिबन्धका बाबजुद ईशा अल-अक्सामा ६० हजार मानिसहरू भेला

जेरुसेलम, ७ फागुन (क्युएनए) । इजरायली दमन र कडा प्रतिबन्धका बावजुद अल-अक्सा मस्जिद र यसको परिसरहरूमा रमजानको पवित्र महिनाको पहिलो दिनमा ६० हजार उपासकहरू तथा ईशा र तारावीह प्रार्थनाकर्ताहरू भेला भएको जेरुसेलम इस्लामिक वक्फले रिपोर्ट गरेको छ । पवित्र सहर अल-अक्सा वरपरका सैन्य अवरोधहरू सफलतापूर्वक पार गरेका वेस्ट ब्याङ्कका बासिन्दाहरूसँगै तिनीहरू जेरुसेलमका विभिन्न स्थानहरू बाट आएको जनाइएको छ ।

स्थानीय स्रोतका अनुसार, कब्जा सैनिकहरूले प्रवेशमा अधिकतम प्रतिबन्ध लगाए भने युवाहरूलाई ईशा र तरावीहको प्रार्थना अघि गेट अफ द चेन हुँदै अल-अक्सा पुग्नबाट रोकेका थिए ।

## विश्व सङ्क्षेप

# दक्षिणी पाकिस्तानको आवासीय भवनमा विस्फोट : छ जनाको मृत्यु, १२ घाइते

पाकिस्तान, १९ फेब्रुअरी (सिन्हुवा) । पाकिस्तानको दक्षिणी बन्दरगाह सहर कराचीको आवासीय भवनमा बिहीबार ग्याँस चुहावटले गर्दा भएको विस्फोटमा छ जनाको मृत्यु हुनुका साथै अन्य १२ जना घाइते भएको उद्धार अधिकारीहरूले बताएका छन् । भवनको पहिलो तलामा भएको विस्फोटले भवनको आंशिक भाग क्षतिग्रस्त हुँदा दुर्घटना भएको सरकारी उद्धार कार्यालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

प्रारम्भिक अनुसन्धानले सिलिन्डर ग्यासबाट ग्याँस चुहावटका कारण विस्फोट भएको अनुमान गरेको प्रहरीले जनाएको छ ।

# चीनमा पटाका विस्फोट : १२ जनाको मृत्यु

पेइचिङ, १९ फेब्रुअरी (एएफपी) । चन्द्र नयाँ वर्षको उल्लासबिच चीनमा भएको एक विस्फोटले १२ जनाको ज्यान लिएको छ । पाँच बालबालिका समेत मारिएको उक्त घटनाले बिदाका बेला ग्रामीण क्षेत्रमा व्यापक रूपमा प्रयोग हुने आतसबाजी सुरक्षामाथि फेरि प्रश्न उठाएको छ ।

सरकारी सञ्चारमाध्यमका अनुसार मध्य हुबेई प्रान्तको जिनपु गाउँमा बुधबार दिउँसो आतसबाजी तथा पटाका बिक्री गर्ने सामान्य पसलमा विस्फोट भएको थियो । राज्य प्रसारणकर्ता चाइना सेन्ट्रल टेलिभिजन (सीसीटीभी) ले बिहीबार अधिकारीहरूलाई उद्धृत गर्दै गहन खोजी तथा उद्धार कार्यपछि १२ जनाको मृत्यु पुष्टि भएको जनाएको छ । मृतकमध्ये सात जना वयस्क र पाँच जना नाबालिग रहेको बताइएको छ ।

सबै पीडितको पहिचान प्रमाणित भइसकेको जनाइएको छ । रिपोर्टअनुसार पसलका मालिक 'मिस्टर लिन' भनेर चिनिने एक व्यक्तिबाहेक बाँकी ११ जना आतसबाजी खरिद गर्न आएका ग्राहक थिए ।

चन्द्र नयाँ वर्षका अवसरमा विशेषगरी ग्रामीण क्षेत्रमा आतसबाजी र पटाखा फोड्ने परम्परा अत्यन्त लोकप्रिय छ ।

# भेनेजुयलाका कार्यवाहक राष्ट्रपति र अमेरिकी सैन्य अभियान प्रमुखबिच भेटवार्ता

काराकास, १९ फेब्रुअरी (क्युएनए) । भेनेजुयलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेज र अमेरिकी सैन्य अपरेसनका प्रमुखसँग भेट वार्ता भएको जनाइएको छ ।

रोड्रिगेजको सरकार र युएस साउदर्न कमान्डले सामाजिक सञ्जालमार्फत छुट्टै भ्रमणको घोषणा गरेको जनाइएको छ । रोड्रिगेजको प्रेस कार्यालयले मरीन जनरल डोनोभानले रक्षामन्त्री भ्लादिमिर पाद्रिनो लोपेज र आन्तरिक मन्त्री डायोस्डाडो क्याबेलोसँग भेट गरेको बताएको छ ।

अमेरिकी सेनाले तत्कालीन राष्ट्रपति निकोलस मादुरोलाई काराकसमा आश्चर्यजनक छापामा समातेर लागु-औषध तस्करीको आरोपको सामना गर्न अमेरिका ल्याएको केही हप्तापछि यो बैठक भएको हो ।

बैठकको क्रममा, दुवै देशहरू अवैध लागुऔषध तस्करी, आतङ्कवाद र आप्रवासनको विरुद्ध लड्न द्विपक्षीय सहयोग एजेन्डा विकास गर्न काम गर्न सहमत भएको रोड्रिगेजको प्रेस अफिसबाट सामाजिक सञ्जाल एक्समार्फत जनाउनुभएको छ ।

# बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानद्वारा प्राथमिकता योजनाको रूपरेखा प्रस्तुत

ढाका, १९ फेब्रुअरी (क्युएनए) । बङ्गलादेशका नव निर्वाचित प्रधानमन्त्री तारिक रहमानले आफ्नो सरकारको १८० दिनको प्राथमिकता योजनाको रूपरेखा प्रस्तुत गर्नुभएको छ ।

योजनामा उहाँले चारवटा प्रमुख क्षेत्रमा ध्यान केन्द्रित गर्नुभएको छ । पहिलो प्राथमिकतामा कानुन र व्यवस्थाको स्थिति सुधार गर्ने लक्ष्य रहेको छ भने दोस्रो, आवश्यक वस्तुहरूको मूल्य नियन्त्रण गर्ने योजना छ । तेस्रोमा निर्बाध बिजुली र ग्यास आपूर्ति सुनिश्चित गर्नुका साथै जीवन-यापनको लागत घटाउन जोड दिनुभएको छ । चौथोमा सार्वजनिक यातायात, विशेष गरी रेलवे प्रणालीमा सुधार गर्ने उहाँले बताउनुभएको छ । यसबाहेक, उहाँले भ्रष्टाचारविरुद्ध लड्नका लागि कडा प्रयासहरूको निर्देश गर्नुभएको छ ।

मङ्गलबार देशको प्रधानमन्त्रीको रूपमा शपथ लिएका रहमानले प्रत्येक मन्त्रालयलाई १८० दिनभित्र आफ्नै योजना बनाउन र कार्यान्वयन गर्न निर्देशन दिनुभएको छ । यसअघि बङ्गलादेशमा नयाँ सरकारले पदभार ग्रहण गरेपछि एक सय दिनको प्राथमिकता प्याकेज घोषणा गर्ने गर्थ्यो । यद्यपि, रहमानले यसलाई तोड्दै १८० दिनको अवधि तय गर्नुभएको छ । अपराध उन्मूलन र भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गरेर जनताको मनमा शान्ति र सुरक्षा पुनर्स्थापना गर्नु सरकारको एजेन्डाको प्राथमिक केन्द्रबिन्दु भएको रहमानले बताउनुभएको छ ।

# राससको ऐतिहासिक यात्रा : कागजी 'बुलेटिन' देखि 'डिजिटल' युगसम्म

**- एकराज पाठक**

काठमाडौँ, ७ फागुन । नेपालबाटै पहिलोपटक प्रकाशन भएको नेपाली भाषाको साहित्यिक पत्रिका सुधासागरलाई आधार मान्दा नेपाली पत्रकारिताको इतिहासले १२७ वर्ष पूरा गरेको छ । यो मासिक पत्रिकाको प्रकाशन विसं १९५५ साउनमा भएको थियो । त्यसको तीन वर्षपछि अर्थात् विसं १९५८ को वैशाख २४ गते साप्ताहिक पत्रिकाका रूपमा गोरखापत्र प्रकाशन भएपछि नेपालमा अखबारी पत्रकारिताको सुरुआत भएको मान्न सकिन्छ । यस हिसाबले हेर्दा हाम्रो देशमा पत्रकारिताको इतिहासलाई पुरानो एवं सम्पन्न नै मान्नुपर्छ ।

नेपालमा विसं २००७ फागुन ७ गते प्रजातन्त्रको स्थापनापछि मात्र नेपाली प्रेसले नागरिकको विचार तथा अभिव्यक्ति एवं प्रेस स्वतन्त्रताको उपयोग तथा उपभोग गर्ने अवसर प्राप्त गरेको हो । जसको बाबजुत राणा शासनको १०४ वर्षको अवधि गोरखापत्रसहित जम्मा १३ वटा मात्र पत्रिका प्रकाशनमा सीमित रहेकामा २००७ देखि २०१७ सालको प्रजातन्त्रको दशकमा ३०० को हाराहारीमा पत्रपत्रिका प्रकाशित भएका थिए । यो उत्साहपूर्ण अवस्थालाई मध्यनजर गरी सरकारले पत्रिका प्रकाशनको कार्यलाई थप व्यवस्थित र मर्यादित बनाउने सोच बनायो र विसं २०१४ माघ २९ गते तत्कालीन विशेष न्यायाधीश कृष्णप्रसाद चापागाईंको अध्यक्षतामा प्रेस कमिसन गठन गऱ्यो ।

राज्यस्तरबाट मुलुकको प्रेस जगत्‌को अस्तित्व या आवश्यकता स्वीकारिएको सायद यो नै पहिलो घटना हुनसक्छ । तत्कालीन शाही प्रेस सेक्रेटरी, सञ्चार मन्त्रालयका प्रतिनिधि, वरिष्ठ पत्रकारहरू र सञ्चार क्षेत्रका विज्ञसमेत सम्मिलित सात सदस्यीय सो कमिसनले नेपाल सरकारलाई २०१५ साल जेठमा प्रतिवेदन बुझायो । नेपाली पत्रकारिताको इतिहासमा प्रेस कमिसन प्रतिवेदन २०१५ का नाममा परिचित यस प्रतिवेदनले त्यो अवधिका करिब ३०० को हाराहारीमा प्रकाशन भइरहेका पत्रपत्रिकाको व्यवस्थापन प्रवर्द्धन र संरक्षणका लागि विभिन्न बुँदामा सुझाउ प्रस्तुत गरेको छ । सो प्रतिवेदनले नेपालमा समाचार समितिको स्थापना गर्नुपर्ने सुझाव पनि दिएको थियो । यही प्रतिवेदनले नै पहिलोपटक नेपालमा समाचार समिति स्थापना हुनुपर्ने सुझाएको थियो ।

सम्भवतः यही सरकारी कमिसनको सुझावका आधारमा हुनुपर्दछ; देशमा समाचार समितिको जन्म भयो । सरकारी समितिले दिएको सुझाव भए पनि मुलुकको पहिलो समाचार समिति भने निजी क्षेत्रको प्रयासबाट आएको छ । मुलुकमा पहिलोपटक समाचार समितिलाई जन्म दिने श्रेय त्यो समयका युवा पत्रकार गोपालदास श्रेष्ठ, मदन शर्मा, गोविन्द वियोगी र गणेश मानन्धरलाई जान्छ । उहाँहरूले विसं २०१६ पुस १ गते नेपाल संवाद समिति, नेससको स्थापना गर्नुभयो । त्यतिबेलासम्म नेपालमा रेडियोको पनि जन्म भइसकेको थियो । प्रजातन्त्र रेडियो (वर्तमान रेडियो नेपाल) नै विसं २००७ बाट प्रसारण सुरु भएको हो । यसरी पत्रिकापछि रेडियो हुँदै नेपाल समाचार समिति युगमा समेत प्रवेश गरेको थियो । यसको करिब साढे चार महिनापछि पत्रकारहरू मणिन्द्रराज श्रेष्ठ, पशुपतिदेव पाण्डे र शङ्करनाथ शर्माले २०१७ साल वैशाख ३० गते सगरमाथा संवाद समिति, सससको स्थापना गर्नुभयो । यो नेपालको दोस्रो समाचार समिति भयो ।

उता राजा महेन्द्रले २०१७ साल पुस १ गते देशको दुईतिहाइ बहुमतको काङ्ग्रेस सरकारलाई अपदस्थ गरी पञ्चायती व्यवस्थाको सुरुआत गरे । प्रजातन्त्रको त्यो दशकमा नेपालको इतिहासमा पहिलोपटक प्रेस स्वतन्त्रताको भरपूर अभ्यास गरिरहेको नेपाली प्रेस अब सरकारी 'सेन्सरसिप' को फेला पर्ने निश्चितजस्तै भयो ।

राजाको त्यो कदमले बहुदलीय व्यवस्थामाथि प्रतिबन्ध लगाएसँगै अब देशमा प्रेस स्वतन्त्रताका कदमलाई पनि थप कडा पार्न थालियो । सरकार र विशेषगरी पञ्चायती व्यवस्थाको विरोध गरेर लेख्न नपाइने, बहुदलवादी राजनीतिक दलहरूका क्रियाकलापहरूले पत्रपत्रिकामा स्थान नपाउने भएपछि अब पत्रपत्रिका प्रकाशनको दायरा खुम्चिने अवस्थातिर पुग्यो । यदि पत्रपत्रिका नै प्रकाशनमा आएनन् भने त समाचार समितिको अवस्था पनि कमजोर हुने नै भयो । सगरमाथा संवाद समितिका संस्थापक मणीन्द्रराज श्रेष्ठले केही समयअघि समाचार समिति स्थापना गरिहाले पनि सञ्चालन गर्न निकै कठिन भएको अनुभव सुनाउनुभएको थियो ।

उहाँले निकै थोरै पैसा लिएर स्वदेशी दैनिक पत्रपत्रिकालाई समाचार बिक्री वितरण गरी आएको र दुईवटा समाचार समितिको सञ्चालन आर्थिक अवस्थाका कारण पनि कठिन हुँदै गएको अनुभव सुनाउनुभएको थियो । त्यसैमा पनि अब पत्रिका बन्द हुने अवस्था देखेपछि ती समाचार समिति एक प्रकारले भन्ने हो भने बन्द हुने अवस्थामै पुगेका थिए ।

त्यसै समयमा सरकारले नै गोरखापत्र र रेडियो नेपालजस्तो गरी संवाद समिति सञ्चालन गनुपर्ने योजना थियो । यसअनुरूप यी दुवैलाई गाभेर २०१८ फागुन ७ गते राष्ट्रिय संवाद समिति, राससको स्थापना गरी सञ्चालन सुरु गरेको देखिन्छ । यसरी राससको स्थापना गर्दा नेपाल सरकारको तर्फबाट सरकारका तत्कालीन सचिव रामराज पौड्याल, नेपाल संवाद समितिका तर्फबाट गोविन्द वियोगी र सगरमाथा संवाद समितिका तर्फबाट मणीन्द्रराज श्रेष्ठ संस्थापकका रूपमा छानिनुभएको थियो । उहाँहरू नै राससका संस्थापक हुनुहुन्छ । दुई समाचार समिति गाभ्नुपर्नाको कारण आर्थिक नै भएको संस्थापकहरूले समय समयमा विभिन्न माध्यमबाट व्यक्त गर्नुभएका अनुभवबाट पनि थाहा हुन्छ ।

त्यही राससले देशको प्रमुख समाचार समितिका रूपमा आफ्नो ६५ वर्षे ऐतिहासिक यात्रा पार गरेको छ । आज राससको ६५ औँ वार्षिकोत्सव हो । यसको स्थापनाको समयका तुलनामा आज समय र प्रविधिमा आकास पातालको परिवर्तन आइसकेको छ । ऊ बेला समाचार बुलेटिन छापेर वितरण गर्दै आएको राससको सेवा अहिले भने संसारका कुनै पनि कुनाबाट 'लग-इन' गरेर प्राप्त गर्न सकिन्छ । ऊ बेला लिथोग्राफी र कागजी बुलेटिनमा छापिएको रासस अहिले कागजविहीन अर्थात् 'पेपरलेस' स्वरूपमा सेवा प्रदान गर्नसक्ने हैसियतमा पुगेको छ ।

बितेको छ दशकमा राससले जसरी सेवा गऱ्यो त्यसको तुलनामा यतिखेर देशमा राजनीतिक रूपमा पनि धेरै परिवर्तन भइसकेको छ । अहिले राससलाई राजदरबारको प्रवक्ता एवं मुख्य प्रचारकको रूपमा काम गनुपर्ने बध्यता छैन । न त पञ्चायती व्यवस्थाजस्तै कुनै व्यवस्थाको पक्षपोषण गर्नुपर्ने दबाब नै छ । ऊ बेला र पछिल्लो समयका अनेक कालखण्डका तुलनामा राससलाई अहिले समाचार उत्पादन र वितरणमा स्वतन्त्रता छ ।

त्यसबेला देशमा करिब साढे दुई सयको हाराहारीमा रहेका पत्रिकालाई सेवा दिने प्रयोजनार्थ सम्पादकहरूले समाचार समितिको आवश्यकता ठानेका थिए भने आज राससका अगाडि हजारौँ आमसञ्चारमाध्यम छन् । फेरि ती माध्यमभन्दा पनि बलिया सामाजिक सञ्जालहरू छन् । यी सञ्जालले ती मिडियाले भन्दा बढी सूचना बोकेका र प्रसार गरेका छन् । त्यस्तै सञ्चारमाध्यमको विविधता पनि दिनप्रतिदिन अचम्मको बन्दै गएको छ ।

जस्तो कि त्यसबेला समाचार समितिहरूले सुरुमा हातले लेखेको र पछि लिथोमा तयार पारिएका समाचार बुलेटिनहरू वितरण गर्ने गर्दथ्यो भने अहिले एउटै क्लिकमा देशभित्र मात्र नभएर जुनसुकै कुनाका लागि पनि सेवा उपलब्ध छ । अनि त्यसबेला सुरुमा पत्रिका र रेडियो मात्र रहेकामा पछि टेलिभिजन पनि समाचार समितिका सेवाग्राहीको सूचीमा परेको थियो भने अहिले अनलाइन न्युज पोर्टलहरू मुख्य सञ्चारमाध्यमका रूपमा उदाएका छन् । यसरी सञ्चारका माध्यमको प्रकृति फेरिएको छ र प्रविधिले समाचार सम्प्रेषणका तौरतरिकालाई पनि पूर्णतः बदलिदिएको छ ।

प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन, २०८०/८१ का अनुसार नेपालमा दैनिक पत्रपत्रिका ७४०, अर्धसाप्ताहिक ३१, साप्ताहिक दुई हजार ९०५, पाक्षिक ४०१, मासिक ६१२, द्वैमासिक ६१, त्रैमासिक १११, अन्य ३८ गरी चार हजार ८९९ वटाको सङ्ख्यामा प्रकाशन दर्ता रहेको अभिलेख छ । यसैगरी पाँच हजार वटाको हाराहारीमा अनलाइन न्युज पोर्टल दर्ता भएका छन् भने एक हजारभन्दा बढी तथा २४६ टेलिभिजन सञ्चालनका लागि इजाजत लिएको देखिन्छ । पत्रकार महासङ्घको एक तथ्याङ्कअनुसार नेपालमा महासङ्घमा आबद्ध रहेका पत्रकारको सङ्ख्या आठ हजारको हाराहारीमा छ । त्यसो त महासङ्घमा आबद्धता नरहेका अर्थात् सदस्य नरहेका पत्रकारको सङ्ख्या पनि छ । यो तथ्याङ्कबाट नेपालमा आमसञ्चारका माध्यमहरूको स्थापना र सञ्चालनको दायरा विस्तारित हुँदै गएको स्पष्ट त देखिन्छ नै । यसका अतिरिक्त पत्रकारहरूको सङ्ख्या पनि बढ्दै गएको छ ।

त्यसैले यो विशाल बजारका अगाडि राससले आफूलाई प्राविधिक र समाचारीय स्वरूपमा आमूल फेरबदल ल्याउनुपर्ने अवस्था छ । देशको समाचार समितिका सामु यी द्रुत मिडियासँग प्रतिस्पर्धा गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्कातर्फ विश्वसनीयताका लागि सन्तुलन कायम गर्नुपर्ने पनि छ । किनभने कहीँकतै 'आशङ्का' लाई स्रोत उद्धृत गरेर आएका समाचारसँगै मानिसहरूले राससको समाचारको खोजी सुरु गरिहाल्छन् । यस्ता आशङ्का या उच्च स्रोतको हवला दिइएका समाचारले एकै घण्टामा मिडिया र सोसियल मिडियाको बजार तताइसकेको हुन्छ, त्यही समाचार सरकारी अधिकारीलाई पुष्टि गरेर एक घण्टामात्र पछि दिँदा पनि हामी 'पछि परेको' अर्थ लागिहाल्छ । यी राससका सामु प्रविधिले थपिदिएका चुनौती हुन् । यस्तो अवस्थामा आफू पर्दा पछाडि बसेर, देशका हजारौँ मिडियामार्फत राज्यका सूचनाहरू सम्प्रेषण गरी आमनागरिकलाई सूचना प्रदान गर्नुपर्ने दायित्व राससससमक्ष अहिले पनि उस्तै नै छ ।

नेपाली समाचार सेवाबाट सुरु गरेको राससले विसं २०२० देखि नै अङ्ग्रेजी भाषामा पनि समाचार सेवा सुरु गरेको हो । राससले हाल अन्य मातृभाषाहरूमा पनि समाचार सेवा प्रदान गरिरहेको छ । राससको मूल सेवा भने नेपाली र अङ्ग्रेजी भाषामै छ । यसका अतिरिक्त आलेख, अन्तर्राष्ट्रिय समाचार, नेपाली तथा अन्तर्राष्ट्रिय तस्बिर, श्रव्यदृश्य सेवा राससले उपलब्ध गराउँदै आएको छ । राससले २४ सै घन्टा समाचार सेवा प्रदान गर्दै आएको छ । ***रासस***

# चुनौती छिचोल्दै उपलब्धिको यात्रामा रासस

**- धर्मेन्द्र झा**

काठमाडौँ, ७ फागुन । राष्ट्रिय प्रजातन्त्र दिवस (फागुन ७) का दिन आजभन्दा ६५ वर्ष पहिला अर्थात् २०१८ सालमा राष्ट्रिय समाचार समिति (रासस) को स्थापना भएको हो । यसर्थ राष्ट्रिय प्रजातन्त्र दिवस र राससको स्थापना दिवस दुवै खास महत्त्वका छन् । प्रजातन्त्र दिवस र राससको वार्षिकोत्सव नेपालको लोकतान्त्रिक यात्रा र सूचना प्रणालीको विकासलाई एकैसाथ सम्झने अवसरको रूपमा लिन सकिन्छ । प्रजातन्त्रले नागरिकलाई अधिकार दिएको छ भने राससजस्ता विश्वसनीय सञ्चारमाध्यमले ती अधिकारको प्रयोगलाई सार्थक बनाएका छन् ।

राष्ट्रिय संवाद समिति र सगरमाथा संवाद समितिलाई गाभेर स्थापना भएको राससले आफ्नो स्थापनाकालदेखि नै राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा विविध सेवामार्फत समाचारसँग सम्बन्धित सामग्री आफ्ना सेवाग्राहीलाई उपलब्ध गराउँदै आएको छ । स्थापनाकालदेखि आजपर्यन्त राससले समयको पदचापलाई पछ्याउँदै आवश्यकतानुसार विविध प्रकारका सेवा उपलब्ध गराएर जनताको सुसूचित हुन पाउने हकको प्रत्याभूतिका सन्दर्भमा तल्लीन रहँदै आएको सबैका सामु स्पष्ट छ ।

साढे छ दशक लामो यात्राको थालनी गर्दा राससले स्वदेश तथा विदेशका निष्पक्ष, तथ्यपरक र विश्वसनीय समाचार सङ्कलन र सम्प्रेषण गरी आमजनतालाई सुसूचित गराउने ध्येय राखेको थियो । नेपाली, अङ्ग्रेजी, अन्तर्राष्ट्रिय समाचार एवम् तस्बिर हुँदै यसले पछिल्ला समयमा विचार सेवाका साथै श्रव्य र श्रव्यदृश्य समाचार सामग्री आफ्ना ग्राहक अर्थात् पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइनलगायत आमसञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको छ । प्रारम्भमा उपयोगमा ल्याएको टाइपराइटर, लिथो, फ्याक्स र टेलिप्रिन्टरबाट सूचना प्रविधिको क्षेत्रमा आएको परिवर्तनसँगै वर्तमानमा राससले आफूलाई परिमार्जन गर्दै कम्प्युटर, इन्टरनेट, एफटिपी हुँदै हाल आफ्नो सेवा 'न्यूजलाइन'मार्फत निरन्तर प्रवाह गर्दै आएको छ ।

वास्तवमा सञ्चार र आमसञ्चारमाध्यमको विकासक्रम तत्कालीन समयको मागअनुसार परिमार्जित र परिष्कृत हुँदै गएको छ । आमसञ्चारमाध्यमका उपभोक्ता पाठक, स्रोता र दर्शकको चाहनाअनुसार विषयवस्तु, माध्यम र सम्प्रेषणको तौरतरिकामा पनि परिवर्तन र परिष्कृत हुँदै गएको यथार्थ हामीबाट छिपेको छैन । परेवा हुँदै इन्टरनेटसम्म (पिजन टू इन्टरनेट) को यो यात्राको विकासक्रमले यही कुराको पुष्टि गरेको छ ।

समयको गतिअनुसार सेवाको विविधीकरण र विस्तारमा जोड दिँदै आएको राससले प्रविधिको प्रयोगसँगै सेवालाई २४ सै घण्टा विस्तार गरेर नेपाली पत्रकारितामा 'डेडलाइन' को परम्परागत मान्यतामा परिवर्तन गर्ने प्रयत्न गरेको छ । राससले नेपाली पत्रकारितामा अब डेडलाइन हुँदैन भन्ने मान्यता स्थापित गर्न सफलता प्राप्त गरेको छ भन्न पाउनु हाम्रा लागि सन्तोषको विषय हो । यसै सन्दर्भमा राससले मातृभाषामा समाचार प्रवाह गरेर समाचार सेवाको विविधीकरण र राष्ट्रिय भाषाको संवर्द्धनमा योगदान दिएको छ । पछिल्लो समयमा समावेशी अवधारणालाई कार्यान्वयन गरी राससलाई वास्तविक अर्थमा राष्ट्रिय स्वरूप प्रदान गर्ने प्रयासका सन्दर्भमा अवधि, नेपालभाषा र मैथिली भाषाका समाचार बुलेटिन प्रकाशन गरिरहेको रासस प्रदेश र स्थानीय सरकारसँग सहकार्य गर्दै अन्य भाषामा समेत यस्ता बुलेटिन प्रकाशनको प्रयत्नमा जुटेको छ ।

आफूलाई २१ औँ शताब्दी अनुकूलको अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी समाचार एजेन्सीका रूपमा विकसित गर्न रासस सेवा विविधीकरण र भौतिक पूर्वाधार विकासका साथै नवप्रवर्तन प्रवर्द्धनका दिशामा लागिपरेको छ । मिडिया सङ्ग्रहालयको स्थापना, स्टुडियो एवम् आधुनिक समाचार कक्षको विकास एवम् विस्तार, रासस शैली पुस्तकलगायत विविध पुस्तक प्रकाशन, २०१८ सालदेखिका राससका समाचार बुलेटिन सहज रूपमा हेर्न, पढ्न र अध्ययन गर्न सजिलो हुने गरी खुला बुलेटिन कक्ष स्थापना, बर्सेनि फोटो प्रदर्शनी राससको बहुआयामिक पक्षको सुदृढीकरणका केही झलक हुन् ।

राससले देशमा समग्र पत्रकारिताको प्रवर्द्धनमा बल पुऱ्याउने उद्देश्यले भरतपुरमा रासस अत्याधुनिक तालिम केन्द्रको स्थापनाका दिशामा पनि सक्रिय रहँदै आएको छ । निर्माणको अन्तिम चरणमा रहेको यो केन्द्रको उपस्थितिमा भविष्यमा पत्रकारिताको प्राज्ञिक विकासमा टेवा पुग्ने विश्वास गरिएको छ । यतिमात्र होइन, रासस प्रदेश सरकारहरूको सहकार्य र समन्वयमा प्रदेशमा रहेका आफ्ना भौतिक संरचनाको विकास गरी प्रादेशिकस्तरमा समेत पत्रकारिता विकास तथा अनुसन्धान केन्द्रको स्थापनाका दिशामा सक्रिय रहँदै आएको जानकारी गराउन पाउनु हाम्रा लागि निश्चय पनि गौरवको विषय हो । यस्तै, राससले पछिल्लो समयमा विभिन्न स्थानमा रहेका आफ्ना भौतिक संरचनालगायत सम्पत्तिको संरक्षण र व्यवस्थापन गरेर अधिकतम् लाभ प्राप्तिको रणनीति तय गरेको छ ।

आफ्नो ६५ औँ वार्षिकोत्सवको सन्दर्भ तथा १५ औँ विश्व रेडियो दिवसको अवसरमा राससले यही फागुन १ गते शुक्रबारदेखि आफ्नो नवीनतम् सेवा 'पोडकास्ट' तर्फको पाइला चालेको छ । सूचना प्रविधि, इन्टरनेट र डिजिटल युगको उपलब्धिका रूपमा रहेको आधुनिक समयमा कुनै पनि सञ्चारमाध्यम 'पोडकास्ट' जस्ता नयाँ माध्यमको प्रभावबाट मुक्त हुन नसक्ने यथार्थलाई ध्यानमा राखेर राससले यस्तो प्रयास गरेको हो । परीक्षणका रूपमा 'रासस संवाद' पोडकास्टको शुभारम्भ राससद्वारा समाचार सेवालाई युगानुकूल बनाउने र समयको माग सम्बोधन गर्ने महत्त्वपूर्ण यात्रारम्भ हो । सँगसँगै रासस सेवा विविधीकरणतर्फको यो एउटा थप र महत्त्वपूर्ण कदम पनि हो ।

यससँगै अन्तर्राष्ट्रिय समाचार समितिहरूसँगको सहकार्यबाट अनुभवको लाभ लिएर राससलाई युगानुकूल, प्रतिस्पर्धी र गुणस्तरीय बनाउँदै अघि बढ्नुपर्ने आजको खाँचो र हाम्रो साझा धर्म र दायित्व हो । राससको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा केही पहल र प्रयास भएका छन् । अन्तर्राष्ट्रिय मञ्चहरूमा राससको उपस्थिति देखिन थालेको छ । चिनियाँ समाचार एजेन्सी सिन्ह्वासँगको सम्झौता थप परिमार्जन भएको छ भने कतार न्यूज (क्युएनए) सँग नयाँ सम्झौता गरिएको छ । यद्यपि, समग्रमा यी सबै प्रयासहरू हुन्, पर्याप्त होइनन् । यहाँका पत्रकार र कर्मचारीको मनोबल बढाउन र वृत्ति विकासका लागि भएका प्रयास तथा गरिएका कामले नै राससका उपलब्धिलाई अझ बलियो, सङ्गठित र सुदृढ बनाउने हाम्रो विश्वास छ । यसतर्फ भएका कामलाई आगामी दिनमा अझ ठोस, वैज्ञानिक र व्यवस्थित बनाउनेतर्फ व्यवस्थापनले भविष्यमा अझै ध्यान दिने नै छ ।

वास्तवमा २०१८ फागुन ७ देखि राससको समाचार सेवाको यात्रा केवल यात्रा नभएर सत्यतथ्य, आधिकारिक र विश्वसनीय सूचना सम्प्रेषण गरेर मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक र समग्र रूपान्तरणको माध्यम हुनु पनि हो । समयको मागअनुरूपको गुणस्तरीय सेवा थप्दै यसलाई समयानुकूल बनाउनु र सूचना प्रविधिसँगै तीव्र रूपमा थपिएका नयाँ नयाँ माध्यम र आम सञ्चारमाध्यमको बिचमा आफूलाई गर्विलो सेवाप्रदायक समाचार समितिका रूपमा उभ्याउनु आजको आवश्यकता हो । रासस हाल मिथ्या सूचनाको बाढी रोक्नुपर्ने दबाबमा छ । यसप्रति पनि रासस सचेत रहँदै आएको छ । यद्यपि, रासससामु थुप्रै चुनौती छन्, समस्याहरू छन् र अप्ठयारा पनि छन् । परन्तु संस्थासँग योग्य, क्षमतावान्, अनुभवी, लगनशील र समर्पित जनशक्ति पनि छन्, जसको सत्प्रयासका कारण जस्तोसुकै चुनौतीको सामाना गर्न पनि रासस सक्षम हुनेछ भन्ने विश्वास गर्न सकिन्छ । चुनौतीलाई अवसरका रूपमा रूपान्तरण गरेर अगाडि बढ्ने हाम्रो प्रणले निश्चय पनि सकारात्मक दिशा प्राप्त हुनेछ ।

आमसञ्चारमाध्यमको मागअनुरूप विविध समाचार सेवा थप्दै आजको बदलिदो परिवेशमा अपरिहार्य बन्दै गएको समाचार समितिको औचित्य पुष्टि गर्न सीमित स्रोतसाधनका बाबजुद क्रियाशील हुन जरुरी छ भन्ने मलाई लाग्दछ । ६५ वर्षको यो यात्रा आगामी दिनमा राससलाई सबल र अन्तर्राष्ट्रियस्तरको सुदृढ समाचार समिति बन्ने लक्ष्यसहितको सत्प्रयास हो भन्न सकिन्छ । प्रजातन्त्र दिवस तथा राससको वार्षिकोत्सवको यस घडीमा लोकतन्त्रलाई सुदृढ बनाउन सूचना प्रणालीलाई बलियो बनाउनु, जिम्मेवार पत्रकारितालाई प्रवर्द्धन गर्नु र सत्यमा आधारित सार्वजनिक संवादलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकतालाई पूरा गर्न सबैले साझा प्रण गर्नुपर्ने हुन्छ ।

*(लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)* ***रासस***

# दार्चुलामा नेमकिपाको घरदैलो कार्यक्रम




दार्चुला, ७ फागुन । नेपाल मजदुर किसान पार्टीले दार्चुला जिल्लाको शैल्यशिखर नपा वडा नं. २ का पाथ्रायणी र रातिसैनीमा पार्टीका उम्मेदवारहरूलाई मतदान गर्न अनुरोध गर्दै बुधबार घरदैलो कार्यक्रम गऱ्यो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् दार्चुलाका उम्मेदवार रमेशकुमार रावलले पार्टीले निर्वाचनलाई विश्वविद्यालयको कक्षाको रूपमा लिएको बताउनुभयो ।

पार्टीले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गर्ने स्पष्ट गर्दै उहाँले जबसम्म समाजवादी राज्य व्यवस्था आउँदैन तबसम्म कामदार जनताको हित हुनेछैन भन्नुभयो ।

नेमकिपाका बलराम न्हिसुतुले कामदारवर्गको पक्षमा आवाज बुलन्द गर्ने नेपाल मजदुर किसान पार्टीका उम्मेदवारलाई जिताई राष्ट्रघाती शासक पार्टीहरूलाई पराजित गर्नु जरूरी भएको बताउनुभयो ।

त्यस्तै दार्चुलाका विभिन्न स्थानहरू शैल्य शिखर, नौगाड- मसाने बगर, पारी बगर र बाबे बगरमा पनि घरदैलो कार्यक्रम भयो ।

बाबे बगरमा भएको कोणसभामा नेमकिपाका उम्मेदवार रमेशकुमार रावलले निर्वाचन दलहरूको घोषणापत्रको सैद्धान्तिक सङ्घर्ष हुनुको साथै फागुन २१ गतेको निर्वाचन देशभक्त र विदेशी दलालहरूबिचको लडाइँ भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "देशद्रोहीहरूलाई मृत्यदण्ड दिने कानुन बनाउनुपर्छ, दार्चुलाका जनता स्वाभीमान छन् तर सुविधाबाट बञ्चित छन्, पीडित छन् । त्यसैले सम्पूर्ण दार्चुलावासी देशभक्त नेपाली जनतालाई नेमकिपाका उम्मेदवारलाई मतदान गर्न आग्रह गर्दछु ।"


**सिद्धि गणेश कर्नर** — हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

## २०८२ माघ मसान्तसम्मको वित्तीय विवरण

| | |
|---|---|
| शेयर पुंजी | २५,५७,७१,१००।- |
| जगेडा कोष | २७,५८,९३,४६९।- |
| अन्य कोषहरू | १,०६,५५,३७३।- |
| कुल संस्थागत पुंजी | २७,५८,९३,४६९।- |
| कुल बचत रकम | २,७२,११,३५,९१०।- |
| ऋण लगानी | १,९६,१५,०२,६१४।- |
| कुल सम्पत्ति | ३,३८,९७,३५,४६५।- |
| तरलता (प्राधिकरणको मापदण्डबमोजिम) | ४०,४८,३७,८२७।- |
| तरलता रकम | १,२५,८७,८१,०३१।- |
| शेयर सदस्य सङ्ख्या | १७४३६ |
| ऋणी सदस्य सङ्ख्या | १४९३ |
| तरलता (प्राधिकरणको मापदण्डबमोजिम) | १४.८८% |
| तरलता प्रतिशत | ४६.२६% |

व्यवस्थापक

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE





काठमाडौं क्षेत्र नं. ६ मा निर्वाचन प्रचारार्थ घरदैलो कार्यक्रम गर्दै नेमकिपाका उम्मेदवार इन्द्रकुमारी बज्राचार्यलगायत कार्यकर्ताहरू फागुन ७ गते बिहीबार ।

*तस्बिर : मजदुर दैनिक*

# पाँचथर जिल्लामा नेमकिपाको चुनावी प्रचार



पाँचथर, ७ फागुन । जनतालाई राजनीतिकरूपमा सचेत बनाउन र सङ्गठित पार्न नेपाल मजदुर किसान पार्टीले बिहीबार पाँचथर जिल्लाका विभिन्न स्थानहरूमा चुनाव प्रचारप्रसार कार्यक्रम तथा घरदैलो गरेको छ ।

घरदैलो कार्यक्रममा नेमकिपा केन्द्रीय सदस्य तथा कोसी प्रदेश संयोजक उकेश कवांले निर्वाचन वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष भएको उल्लेख गर्दै यो जनताको चेतनास्तर नाप्ने 'ब्यारोमिटर' हो भन्नुभयो ।

विभिन्न सामाजिक सञ्जालहरूमा प्रचारबाजी गरेर जनतालाई भ्रमित पार्ने र भ्रुक्याउने काम बढिरहेको उल्लेख गर्दै उहाँले यस्ता कुराको लहैलहैमा नलाग्न र सचेत भएर निर्वाचनमा राम्रो उम्मेदवारलाई मतदान गर्नुपर्ने बताउनुभयो ।

भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भ्रष्टाचारीलाई ज्यान सजायसमेत हुने कानुनी व्यवस्था बनाउन नेमकिपा निरन्तर सङ्घर्षरत रहेको उल्लेख गर्दै उहाँले नेमकिपाका उम्मेदवारहरूलाई मत दिनुपर्ने बताउनुभयो ।

उहाँले देशघाती सन्धि-सम्झौता गर्ने शासक दल र तिनका मतियारहरूलाई जनताले आज नभए भोलि सजाय दिनेछन् भन्नुभयो ।

घरदैलो कार्यक्रममा पाँचथर क्षेत्र नं १ का प्रत्यक्ष उम्मेदवार लक्ष्मुमान तामाङले नेमकिपाका उम्मेदवारहरू देशभरिबाट निर्वाचित भएमा मात्र आमूल परिवर्तनको परिस्थिति परिपक्व हुने बताउनुभयो ।

उहाँले विद्यालय शिक्षा निःशुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा निःशुल्क बनाउने कानुनी व्यवस्था ल्याउन नेमकिपाका उम्मेदवारहरूलाई बहुमतले विजयी गराउन आग्रह गर्नुभयो ।

**भाषा...**

शिक्षा, स्वास्थ्य निःशुल्क, व्यक्तित्व विकासमा समान अवसर, सम्पत्तिको सीमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त, उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण, भ्रष्टाचारी, देशद्रोही र जघन्य अपराधीहरूलाई मृत्युदण्डको बन्दोबस्त गर्न नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई निर्वाचित गर्नु जरूरी भएको केन्द्रीय सदस्य प्रजापतिले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, सरसफाइमा जोड दिनुका साथै युवाहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम र विकास निर्माणमा स्थानीय सीप तथा श्रमलाई उपयोग गरिरहेको छ । भक्तपुर नगरपालिकाले पारदर्शिता र आर्थिक अनुशासनलाई जोड दिई कार्य गरिरहेको छ ।"

भनपाद्वारा सञ्चालित कलेजहरूमा देशभरिका विद्यार्थीले गुणस्तरीय उच्च शिक्षा अध्ययन गर्ने अवसर पाइरहेको र भनपाले ८५० जना विद्यार्थीलाई करिब १७ करोड रुपैयाँ शैक्षिक ऋण उपलब्ध गराई आर्थिकरूपमा कमजोर विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्ने अवसर दिइरहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भाषा, कला संस्कृति, सम्पदा सभ्यताका कोशेढुङ्गा भएको र ती सबैका निर्माता कामदार जनता भएको बताउनुभयो ।

मजदुर-किसानले नै संस्कृति-सम्पदाको संरक्षण गर्न आवश्यक भएको चर्चा गर्दै केन्द्रीय सदस्य गोसाईले भन्नुभयो, "नेपाली जनताले कला-संस्कृतिका मर्मज्ञ शासक पाएनन् । सरकारहरूले त संस्कृति विनास गरे ।"

"नेमकिपाले सभ्यता र इतिहास जोगाउन नयाँ पुस्तालाई उत्साहित गर्दै समाजलाई बाटो देखाइरहेको छ", उहाँले भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष काशिलाल डंगोलको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्यहरू नारायण महर्जन र राजवीर डंगोल, नेमकिपा टोखा नगर समितिका अध्यक्ष एवं काठमाडौं क्षेत्र नं. ५ का प्रतिनिधिसभा सदस्य उम्मेदवार शोभालाल श्रेष्ठ, त्रिवि अङ्ग्रेजी केन्द्रीय विभागका उपप्राध्यापक डा. तारालाल श्रेष्ठ, कवि अभय श्रेष्ठ, शिवप्रसाद सापकोटा, सजीव श्रेष्ठ, मिर्मिरे साकोस टोखाका अध्यक्ष रवीन्द्र डंगोलले पनि बोल्नुभएको थियो ।

त्यस्तै टोखा सांस्कृतिक संरक्षित विकास समितिका अध्यक्ष गणेशमान श्रेष्ठ, बाल विकास क्लव टोखाका अध्यक्ष सन्तलाल र गणेश इङ्गलिस स्कूलका विशोक डंगोलले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा वाचित कविताहरूमा महन्त महर्जन पहिलो, शकुन्तला महर्जन दोस्रो, रमेशमान महर्जन तेस्रो र प्रशान्त महर्जन तेस्रो हुन सफल भएको थियो ।

# नेपाल-भारत सीमा सुरक्षा बैठक सम्पन्न

मोरङ, ७ फागुन । विराटनगरमा नेपाल-भारत सीमा जिल्ला समन्वय समितिको बैठक बिहीबार बसेको छ । सो बैठकले आसन्न प्रतिनिधिसभा निर्वाचनका समयमा सुरक्षा व्यवस्था प्रभावकारी बनाउने निर्णय गरेको छ ।

मोरङ, झापा र सुनसरी तथा भारतका किसनगञ्ज, अररिया र सुपौल जिल्लाका उच्च अधिकारीहरूबिच सम्पन्न सो बैठकले आगामी निर्वाचनका सुरक्षाका विषयमा छलफल गरेको जिल्ला प्रशासन कार्यालय मोरङद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख छ । बैठकमा मतदान हुनुभन्दा ७२ घण्टा अगाडि सीमा नाका पूर्ण रूपमा बन्द गर्ने सहमति भएको छ ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल र भारतको अररिया जिल्लाका डिस्ट्रिक मजिस्ट्रेट विनोद दुहानको सह-अध्यक्षतामा सम्पन्न उक्त बैठकले निर्वाचनका समयमा सम्भावित सुरक्षा चुनौतीहरूलाई सम्बोधन गर्न संयुक्त सीमा गस्तीलाई सशक्त बनाउनुका साथै सुरक्षा व्यवस्थालाई चुस्तदुरूस्त पार्ने निर्णय बैठकले गरेको छ ।

त्यसैगरी सीमा क्षेत्रमा हुने अवैध गतिविधिहरू, तेस्रो देशका नागरिकहरूको अनधिकृत प्रवेश, लागुऔषध तथा मानव बेचबिखन, जाली नोटको कारोबार, हतियार र नगद तस्करी नियन्त्रणका लागि निरन्तर सहकार्य गर्ने विज्ञप्तिमा उल्लेख छ ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा